वर्ष : १७, अंक : १८, काठमाडौं, २०७८ साउन २९ गते शुक्रबार, 13 August 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse@gmail.com

## 'उपेन्द्रले पार्टी एकता भत्काए'



जनकपुरधाम । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले अर्का अध्यक्ष उपेन्द्र यादवमाथि विभिन्न आरोपहरु लगाएका छन् । शनिबार जनकपुरधाममा आयोजित जिल्ला स्तरीय कार्यकर्ता भेलामा उनले सम्बोधन गरेका थिए । कार्यकर्ता भेलामा अध्यक्ष ठाकुरले उपेन्द्र यादवले पार्टी एकता भत्काएर मधेशी जनताको भावनामाथि कुठाराघात गरेको आरोप लगाएका छन् । उनले उपेन्द्रले पार्टी कमजोर बनाएको समेत बताए ।

यसैगरी, कार्यक्रममा नेता राजेन्द्र महतोले उपेन्द्र यादवले पार्टी एकता भत्काएर मधेश र मधेशी जनताको भावनामाथि ठूलो कुठाराघात गरेको बताए । मधेशी जनताले सधैं एकता चाहेको बताउँदै महतोले भने, 'तर जनताको भावना र आत्मसम्मानमा चोट पुऱ्याउने काम गरिएको छ ।' अर्का नेता शरतसिंह भण्डारीले मधेशी जनताको भावनालाई कदर गरेर पार्टी एकीकरण गरिएपनि त्यसलाई टिक्न नदिनु दुःखद भएको बताए ।

## उपेन्द्र एकल अध्यक्ष



काठमाडौं । जनता समाजवादी पार्टी नेपालमा अब उपेन्द्र यादव मात्र एकल अध्यक्षको रुपमा रहेको निर्वाचन आयोगमा अध्यावधिक गरेको छ । एक वर्षअघि गठन भएको जसपामा महन्थ ठाकुर र उपेन्द्र यादव दुई जना अध्यक्ष थिए । उपेन्द्रले निर्वाचन आयोगबाट आधिकारिकता पाएपछि महन्थ ठाकुरलाई अध्यक्षबाट हटाउनुका साथै ठाकुरसहित १६ जनालाई केन्द्रीय कार्यकारिणी समितिबाट हटाएका छन् । जसपाको दुई समूहको विवादमा निर्वाचन आयोगले ११ साउनमा उपेन्द्र यदव पक्षलाई आधिकारिकता दिएको थियो । यादव पक्षले हालै ३५ सदस्यीय कार्यकारिणी समितिको नाम निर्वाचन आयोगमा पठाएको छ । आधिकारिकता विवादमा आयोगले हेडकाउन्ट गर्दा यादव पक्षमा उभिएका ३४ जना र तटस्थ बसेका रेशम चौधरीको नाममात्र केन्द्रीय कार्यकारिणी समितिमा राखिएको छ । आयोगको सोमबार बसेको बैठकले जसपाले पठाएको नयाँ कार्यकारिणी समितिको विवरण अध्यावधिक गर्ने निर्णय गरेको प्रवक्ता राजकुमार श्रेष्ठले जानकारी दिए । अहिले जसपाको केन्द्रीय कार्यकारिणी समितिमा उपेन्द्र पक्षका नेताहरु मात्र रहेका छन् । महन्थ पक्षका सबै सदस्यहरुलाई हटाइएको छ । साथै, कार्यकारिणी समितिबाट हटाइएका १६ जनालाई पार्टीको साधारण सदस्यबाट भने हटाइएको छैन । अब महन्थ ठाकुर पक्षले जसपा फुटाउने सम्भावना समाप्त भएको छ । यता, महन्थ पक्षले नयाँ दल गठन गरेमा उनी पक्षीय नेताहरुको सांसद पनि जाने देखिएको छ ।

# न्यूनतम् साझा कार्यक्रममा लाल आयोग

## सार्वजनिक गर्ने प्रतिवद्धता तर कार्यान्वयनमा आशंका

काठमाडौं । बहुचर्चित र बहुप्रतिक्षित लाल आयोग एक पटक फेरि चर्चामा आएको छ । सत्तारूढ गठबन्धनले सार्वजनिक गरेको संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रममा लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्ने प्रतिबद्धता जनाइएको छ । साझा न्यूनतम कार्यक्रमको बुँदा नम्बर २.५ (४) मा भनिएको छ, 'तराई मधेशमा भएका विभिन्न आन्दोलनका वेला लगाइएका मुद्दाको पुनरावलोकन गरी अन्यायपूर्वक बन्दी बनाइएका व्यक्तिको रिहाइ गर्न लाल आयोगको प्रतिवेदन सार्वजनिक गरिनेछ ।'

संयोग कस्तो परेको छ भने, लाल आयोगको प्रतिवेदन २९ मंसीर २०७४ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले बुझेका थिए भने अहिले उनै देउवा प्रधानमन्त्री बनेका छन् ।

साझा न्यूनतम कार्यक्रमम प्रधानमन्त्री देउवा, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव, जसपाका संघीय परिषद् अध्यक्ष बाबुराम भट्टराई, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी लगायतका नेताको सहमति रहेको छ ।

जनता समाजवादी पार्टी, थरुहट आन्दोलन लगायतले लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग गर्दै आएका छन् । देउवाले प्रतिवेदन बुझेको दुई महिनापछि नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री भए । उनी करिब साढे तीन वर्ष प्रधानमन्त्री रहँदा उक्त प्रतिवेदन



*प्रधानमन्त्री शेरबहादुर देउवालाई वि.सं. २०७४ मंसिर २९ गते शुक्रबार लाल आयोगको प्रतिवेदन हस्तान्तरण गर्दै संयोजक गिरिशचन्द्र लाल । फाइल फोटो*

सार्वजनिक गर्न माग भइरह्यो तर सार्वजनिक भएन ।

प्रधानमन्त्रीबाट हटेपछि पहिलो पटक प्रतिनिधिसभाको बैठकमा बोल्दै ओलीले लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न सरकारलाई हाँक दिए । उनले भने, 'लाल आयोगको प्रतिवेदन अहिले नै ल्याएर सार्वजनिक गर्नुहोस्, आजै गर्नुहोस् ।'

ओली प्रधानमन्त्री रहँदा प्रतिनिधिसभाको बैठकमा लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग उठेको थियो । जवाफमा ओलीले प्रतिवेदन 'सार्वजनिक गर्ने' प्रतिबद्धता जनाएका थिए तर सार्वजनिक गरेनन् ।

**के हो लाल आयोग ?**

सरकारले २०७३ असोज ६ गते सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरिशचन्द्र लालको संयोजकत्वमा तराई, मधेश र थरुहट लगायतका क्षेत्रमा विभिन्न राजनीतिक दलले गरेको आन्दोलनका क्रममा भएका हिंसा, हत्या, आगजनी, तोडफोड लगायतका घटनाको सत्य-तथ्य छानबिन सम्बन्धी उच्चस्तरीय जाँचबुझ आयोग गठन गरेको थियो । महान्यायधिवक्ता कार्यालयका पूर्वनायब महान्यायधिवक्ता सूर्यप्रसाद कोइराला, पूर्वएआइजी नवराज ढकाल, राष्ट्रिय अनुसन्धान विभागका पूर्वएआइजी सुखचन्द्र झा, वरिष्ठ अधिवक्ता सुजन लोप्चन र अधिवक्ता खुशीप्रसाद थारू सदस्य र गृह मन्त्रालयको शान्ति सुरक्षा महाशाखाका प्रमुख पदेन सदस्य सचिव रहेको आयोगले २०७३ कात्तिक १ गतेबाट काम शुरू गऱ्यो ।

आयोगले १४ महीनापछि प्रतिवेदन तयार पारेर तत्कालीन प्रधानमन्त्री देउवालाई बुझाएको थियो । आयोगले पाँच हजारभन्दा बढी उजुरी छानबिन गरेको थियो । छानबिनका क्रममा २२ जिल्लामा पुगेर स्थलगत अध्ययन पनि आयोगले गरेको थियो । तराई-मधेशका २२ जिल्लाबाट संकलन गरिएका ३ हजार २५४ वटा उजुरीको अध्ययन र अनुसन्धानपछि लाल आयोगको प्रतिवेदन तयार भएको थियो ।

**के छ प्रतिवेदनमा?**

जनता समाजवादी पार्टीका सांसद्हरूले प्रतिनिधि सभामा पटक-पटक आवाज उठाएपछि सभामुखले प्रतिवेदन सार्वजनिक गर्न 'रुलिङ' गरेका थिए । तर, प्रतिवेदन अझैसम्म सार्वजनिक भएको छैन ।

आयोगले मुद्दा विशेषको अनुसन्धान गरेको थिएन । कसैलाई यस्तो कारबाही हुनुपर्छ भनेर सिफारिश पनि गरेको छैन । महान्यायाधिवक्ता कार्यालयको राय बमोजिम कानूनी प्रक्रिया अगाडि बढाउन प्रतिवेदनमा भनिएको छ ।

मुलुकको अखण्डता, सार्वभौमसत्ता कायम राख्न आवश्यक कुरामा प्रश्न चिह्न खडा नहोस् भनेर सबैले समान अधिकार पाउनुपर्छ भन्ने आशय प्रतिवेदनमा छ । मधेश, पहाड, हिमाल सबैतिरका जनताले समान अधिकार पाउनुपर्छ भन्ने उल्लेख गरिएको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

## अस्पताल सुधारको माग गर्दै युवा जनमत संघद्वारा ज्ञापनपत्र

रौतहट । जनमत पार्टीनिकट युवा जनमत संघले अस्पताल सुधारको माग गर्दै जिल्ला प्रशासन कार्यालय रौतहटमा ज्ञापनपत्र बुझाएको छ । युवा जनमत संघले बुधबार ११ बुँदे माग मागसहित ज्ञापनपत्र बुझाएका हो । जनमत पार्टीको भातृ संगठन युवा जनमत संघ रौतहटको आयोजनामा केन्द्रीय सदस्य एवं केन्द्रीय प्रकाशन विभाग प्रमुख ललित मल्लिक शानू को प्रमुख सहभागितामा एवं जनमत पार्टी रौतहटको निवर्तमान जिल्ला ईन्चार्ज बिनय कुमार वर्मा, जनमत पार्टी रौतहटको जिल्ला सचिव बिकास कुमार यादव को विषेश सहभागितामा ज्ञापनपत्र बुझाइएको हो । जनमत पार्टीको भातृ संगठन युवा जनमत संघ जिल्ला परिचालन समिति रौतहटको जिल्ला संयोजक ज्वाला रणवीर (बिबेक)को नेतृत्वमा युवा नेताहरु अरुण यादव, फिरोज चौधरी, अजय यादव, पनालाल राय यादव, धिरज कुवर लगायत सयकडौं युवा नेता कार्यकर्ता सहित गौर नगरपालिका स्थित गुप्ता पेट्रोल पम्प नजिक पार्टी कार्यालय बाट जिल्ला अस्पतालको सुधारको माग सहित कडा नाराबाजी का साथ बृहद रैली प्रदर्शनसमेत गरिएको थियो । जिल्ला अस्पताल गौरमा एक महिनाको समयावधिमा जिल्ला अस्पताल सुधारको ११ बुँदे माग सहितको ज्ञापनपत्र बुझाएको छ । जिल्ला प्रशासन कार्यालय पुगी जिल्ला प्रमुख इन्द्रदेव यादवलाई बोधार्थ ज्ञापनपत्र बुझाइ जिल्ला प्रशासन कार्यालय मार्फत नै स्वास्थ्य जनसंख्या मन्त्रालय रामशाह पथ र सामाजिक विकास मन्त्रालय प्रदेश नं २ लाई बोधार्थ ज्ञापनपत्र दिएको छ । रैली कोणसभामा परिणत भएको थियो । कोणसभामालाई नेताहरु ललित मल्लिक शानू, बिनय कुमार वर्मा, बिकास कुमार यादव र ज्वाला रणवीर (बिबेक) लगायत नेताहरुले सम्बोधन गरेका थिए ।

## चिनियाँ राजदूत यान्छीले भेटिन् जसपा अध्यक्ष यादव

काठमाडौं । जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादव र चिनियाँ राजदूत होउ यान्छीबीच भेटवार्ता भएको छ । राजदूत यान्छी मंगलबार बिहान यादव भेट्न उनको निवास हात्तिवन पुगेकी थिइन् । भेटका क्रममा राजदूत यान्छीले मन्त्रिपरिषद् विस्तारमा भइरहेको ढिलाइ र पछिल्लो राजनीतिक अवस्थाका बारेमा चासो राखेकी थिइन् । उनले अमेरिकी विकास परियोजन (एमसीसी) संसदबाट पारित हुने संभावनाका बारेमा समेत अध्यक्ष यादवसँग छलफल गरिन् । जवाफमा अध्यक्ष यादवले यथाशीघ्र मन्त्रिपरिषद् विस्तार हुने राजदूत यान्छीलाई विश्वास दिलाएका थिए । राजदूत यान्छीले आइतबार बिहान एकीकृत माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' सँग भेटेकी थिइन् । आइतबार नै राजदूत यान्छीले गृहमन्त्री बालकृष्ण खाँडसँग पनि छलफल गरेकी थिइन् ।

## संविधानमा हाम्रो अनुहार खोइ ? : महतो



काठमाडौं । जनता समाजवादी पार्टी, नेपालका नेता राजेन्द्र महतोले नेपालको निर्माण हुँदाखेरी नेपालमा आ-आफ्नो पहिचान रहेको स्मरण गराएका छन् । नेपालमा पहिले विभिन्न राज्यहरु रहेको र पहिचानको नाममा शासन भएको पनि उनले बताए ।

उनले भने,'आजको नेपाल जुन हो, यो एकल जातीय होइन । २२औं र २३औं राज्य हुँदा, विभिन्न पहिचान भएका राज्यहरु थिए, त्यो सबैलाई एकीकृत गरेर नेपाल बनाइयो । यो सुखद् पक्ष हो । त्यो बनाइएपछि आज हामी नेपाली भएका हौं ।'

उनले शासनको कुरा गर्दा विविधता र बहुलताले भरिएको देशको शासन प्रणाली त्यहीअनुसार नभएको गुनासो पनि गरे । उनले भने,'नेपालको समस्या भनेको सबै पहिचान मेटाउने प्रयास भइरहेको छ । सबैको मान, स्वाभिमानमाथि आक्रमण गर्ने प्रयास भइरहेको छ । शासन गर्दा मानवको सम्मानलाई इन्कार गर्न नहुने कुरा सबैले बुझ्नुपर्नेमा जोड दिए । योङ इण्डिजिनिष्ट लिगले आयोजना गरेको बहुलराष्ट्रिय राज्य नेपाल स्थापनार्थ राष्ट्रि मुक्ति क्रान्तिको प्रारम्भिक भेलालाई सम्बोधन गर्दै उनले पृथ्वीनारायण शाहले एकीकरण अभियान चलाउँदा भूगोलको मात्रै एकता भएको तर भावनात्मक एकता नभएको उनको गुनासो गरे ।

## प्रदेश २ सरकारद्वारा छात्रालाई साइकल वितरण स्थगित

जनकपुरधाम । प्रदेश २ सरकारले 'बेटी पढाउ, बेटी बचाउ' अभियान अन्तर्गत छात्रालाई वितरण गर्दै आएको साइकल वितरण कार्य स्थगित गरेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले एक सूचना प्रकाशित गर्दै साइकल वितरण गर्ने कार्य स्थगित गरिएको जनाएको छ । अधिक विद्यालयबाट साइकल माग गर्दै निवेदन आएको र निवेदन सम्बन्धि कागजातहरु रुजु गर्न समय लाग्ने भएकाले अर्को सूचना प्रकाशित नभएसम्मका लागि यो कार्य स्थगित गरिएको सूचनामा जनाइएको छ । 'बेटी पढाउ, बेटी बचाउ' अभियान अन्तर्गत प्रदेश २ सरकारले सामुदायिक विद्यालयको कक्षा ८ मा अध्ययन गर्ने छात्रालाई साइकल बितरण गर्दै आएको थियो । प्रदेश सरकारले प्रदेशमा जन्मिने छोरीको बीमा गर्ने कार्य शुरु गरेपनि पछिल्लो बर्षदेखि यो कार्य पनि बन्द भएको छ

# वर्तमान राजनीतिक व्यवस्थाको पुनरावलोकन गर्नुपर्छ : पूर्वमन्त्री

गौर । पूर्वमन्त्री प्रभु साहले देशमा अस्थिरता र अराजकता निम्त्याउने गलत व्यवस्था फेर्न ढिला गर्न नहुने बताएका छन् ।

सर्लाहीको ईश्वरपुर नगरपालिका-६, वयलबाँस बजारमा बुधबार आयोजित आईटी आर्मीको जिल्ला भेलालाई सम्बोधन गर्दै पूर्वमन्त्री साहले विगत केही महिनादेखि केन्द्र र प्रदेशमा सरकार बनाउने र गिराउने तमासादेखि दलीय प्रणालीको हत्यासम्मको गतिविधि अहिलेको शासन प्रणालीकै कारण भएको तर्क गरे । पछिल्लो राजनीतिक परिघटनाका कारण देशमा अव्यस्था, अस्थिरता र अराजकता बढेकोले देशलाई निकास दिन वर्तमान गलत व्यवस्थाको पुनरावलोकन गरी सुदृढ समाजवादी व्यवस्था कायम गर्नतर्फ सोच्नुपर्ने उनले बताए ।

'तपाईंहरुले विगत केही महिनादेखि हेर्दै आउनु भएको छ, देश कुन अवस्थामा छ । संघ वा प्रदेशमा सरकार बनाउन र टिकाउन केकस्ता भद्दा अभ्यासहरु हुँदैछ । कोरोना रिपोर्ट नेगेटिभ भए पनि सांसदलाई आइसियुमा भर्ना गरियो, एक जना सांसद अनुपस्थित हुँदा पनि संसद बैठक स्थगित गरियो । आफ्नै निवासमा सपथ ग्रहण, फर्जी हस्ताक्षर, दल त्यागको घोषणा, सरकार गिराउन सांसद पदबाट राजीनामा, बिनाकारण सांसद पदमुक्त, प्रदेश प्रमुख परिवर्तन, आफ्नै पार्टीको सरकारविरुद्ध मतदान, सांसदको अपहरण र किनबेच, पार्टी फुटाएर मन्त्री बनाउने जस्ता जग हसाउने भद्दा मजाकहरु त भएकै थिए, हेर्दाहेर्दै अदालतले प्रधानमन्त्री तोक्न थाले, सत्तापक्षकै सांसदले प्रतिपक्षी दलको नेतालाई प्रधानमन्त्री बनाउन रत्तिभर कसर बाँकी राखेनन्,' पूर्वमन्त्री साहले भने, 'समग्रमा हेर्दा यी सबै हुनुमा कुनै अमुक व्यक्ति वा पार्टीको दोष छैन, वर्तमान शासन प्रणालीकै दुर्गुणको उपज हो । गलत व्यवस्थाका कारण देशमा अव्यवस्था, अराजकता र अस्थिरताले प्रश्रय पाएको छ । यो गलत व्यवस्था फेर्न अब ढिलाई गर्नुहुँदैन ।'

उनले नेपालको संविधान विश्वको अन्य राष्ट्रको भन्दा फरक र अन्य सबैखाले शासकीय स्वरुपको खिचडी भएको पनि टिप्पणी गरे । देशमा स्थिरता कायम गर्न वर्तमान संवैधानिक व्यवस्थाको पुनरावलोकन गरी थप सुदृढ बनाउनेतर्फ केन्द्रित हुनुपर्नेमा उनले जोड दिए ।

वयलबाँस बजारस्थित उद्योग वाणिज्य संघको सभा हलमा भेलाबाट समाजसेवी युवा नेता बलराम खडकाको संयोजकत्वमा आईटी आर्मीको सर्लाही जिल्ला कमिटी गठन भएको छ ।



प्रभु साह

## सम्पादकीय



# महन्थ ठाकुरका अप्ठ्यारा

जनता समाजवादी पार्टीको आधिकारिकता अध्यक्ष उपेन्द्र यादव समुहले पाएपछि अर्को अध्यक्ष महन्थ ठाकुर पक्ष राजनीतिक रुपमा किनारामा धकेलिएको छ। यादव पक्ष आक्रामक बन्दै जाँदा ठाकुर समूह अहिले न पार्टीमा मिलेर बस्ने न त नयाँ दल बनाएर संसदमा टिक्न सक्ने अवस्थामा पुगेको छ। निर्वाचन आयोगको निर्णय विरुद्ध अदालत गुहारेपछि पार्टीभित्र भने यो समूह निकै अप्ठ्यारोमा परेको देखिन्छ।

सत्ता गुमाएको एक महिना नपुग्दै पार्टीमा समेत नराम्ररी धक्का खाएको ठाकुर समुह अहिले दल विभाजनका लागि ४० प्रतिशत संख्या पुऱ्याउन पनि नसक्ने अवस्थामा पुगेको छ। जसका कारण पार्टीभित्रै संघर्ष कि अलग बाटो भन्नेमै ठाकुर समूह अलमलमा छ।

त्यसो त पार्टीको आधिकारिकता पाएसँगै यादव पक्षले निरन्तर रुपमा पार्टीका गतिविधि अगाडि बढाएको मात्रै छैन, अर्को समूहलाई छिन्नभिन्न जस्तै पारिसकेको छ।

लुम्बिनी प्रदेश सरकारमा सहभागि मन्त्रीहरुलाई कारवाही गरेर अर्को पक्षसँग निर्मम भएर अगाडि बढ्ने संकेत यादवले देखाइ सकेको छ। त्यसैले पनि ठाकुर पक्ष पार्टीभित्रै अन्तरसंघर्ष चलाएर टिक्ने अवस्थामा देखिन्न।

**जसपाको विभाजन दुवै पक्षले नमागेका कारण विभाजन नहुने तर्क पनि गरिएको छ। जसपा अध्यक्ष यादव समूहले आधिकारिकता प्राप्त गरे पनि ठाकुर पक्षले जसपा छोडिहाल्नु नपर्ने तर्क पनि गरिएको छ।**

हुन त मिलन र विछोड राजनीतिका लागि अनौठो होइन। तर अहिले जसपाको शक्ति समीकरण र नेतृत्वको टकराव हेर्दा ठाकुर पक्ष यादव समूहसँगै मिलेर अगाडि बढ्ने सम्भावना ज्यादै न्यून देखिन्छ। तर नयाँ दल दर्ता गर्दा भएका सांसदहरु गुमाउनुपर्ने डरले पनि महन्थ ठाकुर पक्ष अबको रणनीति प्रति अलमल मै छन्।

कांग्रेस हुँदै मधेश केन्द्रीत राजनीतिमा प्रवेश गरेका ठाकुरका लागि निर्वाचन आयोगको निर्णय सबैभन्दा ठूलो झट्का हो। राजनीतिको उत्तरार्धमा ठाकुरलाई जुन झट्का लाग्यो त्यति नै झट्का राजेन्द्र महतोलाई पनि लागेको छ।

जसपाको विवाद जुनसुकै रूपमा भए पनि अदालतसम्म पुग्ने चाहिँ देखिन्छ। तर, ठाकुर पक्षका लागि भरलाग्दो कदमका रूपमा भने दरिने छैन। कानुनी प्रतिवादले मात्रै ठाकुर पक्षलाई राहत दिन सक्दैन। निर्वाचन अयाेगले नयाँ दल दर्ता गर्न ठाकुर पक्षलाई आह्वान गरेको छ। अब ठाकुर पक्ष नयाँ दल दर्ताको प्रक्रियामा जानुपर्ने हुन्छ। त्यसो नभएको अवस्थामा यसअघि दर्ता भएका दलसँग मर्ज गर्न पनि सकिन्छ।

असार २८ मा राजपा विघटन भएको एक वर्ष पुगेको छ। एक वर्षसम्म त्यही नामको दल दर्ता गर्न नपाउने कानुनी व्यवस्था छ। त्यसैले राजपा विघटनको एक वर्ष पूरा भएकाले त्यही नाममा दल दर्ता गरेर अगाडि बढ्न सक्ने ठाकुर पक्षका नेताहरूको भनाइ छ।

जसपाको विभाजन दुवै पक्षले नमागेका कारण विभाजन नहुने तर्क पनि गरिएको छ। जसपा अध्यक्ष यादव समूहले आधिकारिकता प्राप्त गरे पनि ठाकुर पक्षले जसपा छोडिहाल्नु नपर्ने तर्क पनि गरिएको छ।

# मधेश मुद्दा र मधेशी दलको भूमिका

**विचार - विश्लेषण** | भाग–१०३



उपेन्द्र झा

**चारैतिरबाट प्रताडित पूर्वराजपा अहिले अखाडामा बजारिएको छ। मधेशको राजनीतिमा अहिले प्रकाशमा देखिएका अनुहारहरु मध्ये महन्थ ठाकुर इमान्दार, सहनशील, त्यागी, एजेण्डाप्रति कठोर अडान, निडर र विश्वासिलो सरल व्यक्तित्वको उदाहरण अर्को देखिन्न। मधेश मुद्दाले यस्तै व्यक्तित्वलाई पत्याउँछ। सबैतिरबाट प्रताडितहरुप्रति जनताको सहानुभूति हुन्छ।**

अधिकारका लागि उठेको मधेश आन्दोलन व्यापारमा रुपान्तरण भएको छ। नेतृत्व वर्गमा रहेको राजनीतिक स्तरहीनता तथा दरिद्र मानसिकताले राजनीतिलाई व्यापारको थलो बनाएको छ। केन्द्रमा झैं पैसा भए पार्टी रहने, कार्यकर्ता रहने, केन्द्रसँगको मैत्रीपूर्ण सम्बन्ध रहने सोचले अधिकार आन्दोलनको यसरी परिभाषा गरिएको देखिन्छ। पैसा कमाउने एकाधिकार सोचले नेतृत्वलाई बिल्कुल एकांकी बनाइदिएको छ। सहकार्यको आचरण आउनुभन्दा पूर्व नै अन्त्य गरिएको छ।

सन्दर्भ, जसपाको जीत र हारको हो। उपेन्द्र यादव जीतको उत्सव मनाइरहेका छन् भने महन्थ ठाकुर समूह पराजित अवस्थाको पीडाबोधमा छन्। राजनीतिक खेलमा खेलाडीहरुको जित्ने हार्ने सामान्य प्रक्रिया हो। राजनीतिज्ञहरुमा मात्तिने र आत्तिने अल्पज्ञानी गुणको अभाव हुन्छ। उ विचलित हुँदैन। बरु पराजयका कारणहरुको समीक्षा साथ त्रुटि सच्याउने प्रयास गरिन्छ। गर्नु पनि पर्छ।

एजेण्डाविहीन केन्द्रका शीर्ष दलहरु जस्तै मधेशका दलहरु स्वार्थ पूरा गर्ने राजनीतिमा लिप्त भएदेखि मधेशको अधिकार आन्दोलन व्यापारको ठूलो प्रतिष्ठानका रुपमा स्थापित भयो। मधेशको मुद्दालाई उठाउँछन् पार्टीहरु, तर उद्देश्य भने अवसर प्राप्त गर्नका लागि मात्र हुन्छ। यसैलाई राजनीति बुझेर "इजी मनी" कमाउन पार्टीलाई व्यापारिक उद्योगको रुपमा सञ्चालित गरेका छन्, स्वनामधन्य मधेशका नेतृत्व पंक्ति। पैसा खर्च गरेर चुनाव जित्ने, सांसद बनेपछि लगानी असुल गर्न अवसर खोज्ने र फेरि त्यहीं चलनको पुनरावृत्ति गर्ने, यही गोल चक्करमा परेका छन् पार्टीहरु।

मधेशका मसीहा कहलाउने मधेशका पार्टीहरु अहिले पनि १२% मतलाई मात्र प्रभावित गरेको छ। मधेशमा अहिले पनि नेपाली कांग्रेस, एमाले, माओवादी केन्द्रको वर्चस्व रहेको मतदानले देखाउँदै आएको छ। १२% मत पाएर आफूलाई देवत्व ठान्ने नेताहरुको राजनीतिक स्तरहीनता नभई अरु के हो ? यही काँचो सोचवालाहरु राज्यको षड्यन्त्रको शिकार भई नव भ्रष्ट भएका छन्।

समग्र मधेश एक प्रदेश, समग्र मधेशको एकताबद्ध आन्दोलन, समग्र मधेशका सपूतहरुले दिएको शहादत के एक टुक्रा मधेशको लागि थियो ? ८ जिल्लाको एक टुक्रा मधेशमा रमाउने राजनीतिक दलको समग्र मधेशको सोच नै हरायो। क्षेत्रीय राजनीति होइन, राष्ट्रि राजनीतिमा जानुपर्छ। हामी मधेशवादी होइन, समाजवादी हौं आदि बुझ्न नसक्ने भाषा बोलेर मधेश र केन्द्रलाई झुक्याएर आफ्नो स्वार्थ अनुसारको भाषा बोल्न थालेका छन्। क्षेत्रीय जातीय मतबाट पहिचान बनाएका मधेशका नेताहरु राष्ट्रिय अध्यक्ष कहलाउन गर्व गर्छ। मधेशबाहेक पहाडले कति मत दिएको छ, विगतको चुनावको परिणामले देखाइसकेको छ। मत मधेशको, चाकडी सत्ताको।

पार्टीको बोझ उठाएका कार्यकर्ताभन्दा पार्टीबाहिरका पैसा दिने मानिसलाई समानुपातिक सीट दिएर नीति निर्माण पंक्तिमा सजाएर राख्ने गैरराजनीतिक व्यक्तिको रजाइका कारण पार्टी अराजक बनेको देखिन्छ। अनुशासनको कोर्राबाट अराजक पार्टीलाई हाँक्ने कोशिस नितान्त पटमुर्खता हो। नेतृत्ववर्गले नै पार्टीलाई अराजक अवस्थामा राखेकाले पार्टीहरु असन्तुलित भएको हो। पार्टीभित्र स्वार्थका समूह मात्र देखिन्छ।

सत्ताको पक्ष विपक्षमा मत बाँडिएपछि सत्तामा जाने लोभले आकर्षित सांसदहरु महन्थ ठाकुर समूहमा २० जना देखिएका थिए, जसलाई न प्रतिगमनसँग मतलब थियो न अग्रगमनसँग। उनलाई मन्त्रीसँग मतलब थियो। उपेन्द्र यादवसँग १२ जना मात्र सांसद देखिएका थिए। परिस्थितिले १० जनालाई मन्त्री बनाउँदा अरु बाँकी उपेन्द्रतिर भागे। यो कस्तो राजनीति हो। यो अराजक राजनीति हो। यो चलन स्वयं नेतृत्वकर्ताको हो। पार्टीको मर्यादा, पार्टीमा हुने नैतिकता, इमान्दारिता, सहकार्य, आस्थाको राजनीति आदि सबै गुणलाई अध्यक्षको स्वेच्छाचारिताले समाप्त पारेको छ। डाका र गुण्डा जस्तो समूह बनाएर मधेश मुद्दालाई सम्बोधन गराउने यी प्रवृत्तिबाट सम्भव देखिँदैन। गुट चलाएर स्वार्थपूर्ति भने गर्न सक्छन्।

पूर्व राजपाका अध्यक्षमण्डलका दुईवटा अध्यक्ष महेन्द्र राय यादव र राजकिशोर यादव, उपेन्द्र यादवसँग मिसिन पुगे। अब उहाँ महन्थ ठाकुर, राजेन्द्र महतो, शरत्सिंह भण्डारी र अनिल झा समूह बाँकी रहेका छन्। आधिकारिक जसपाले यिनलाई कार्यकारिणी समूहबाट पदमुक्त गरेको छ।

सर्वोच्च अदालत, निर्वाचन आयोग, ओली पक्ष र सत्तापष कसैले महन्थ ठाकुर समूहलाई वास्ता गरेको छैन। कमल थापा रहेको भए सुम्सुम्याउँथ्यो, तर मधेशी समूह भएकोले एकलै पीडा भोग्न बाध्य भएका छन्। उपेन्द्र यादवले आफ्नो पार्टी बचाउन गर्ने कृत्यहरु अस्वाभाविक होइन। तर हारेका खेलाडीको छुट्टै पंक्तिमा रहेका यिनी सबैका केन्द्र बिन्दू बनेका छन्।

जसपा फुट्नुमा गोहीको आँसु झार्ने धेरै छन्। जसपा मिलेकै थिएन, त्यसकारण फुटले त्यति अर्थ राख्दैन। उपेनद्र यादवसँगै मधेशी समाजमा रहेको जातीय उन्माद गगनचुम्बी आकार लिएको थियो। उपेन्द्र यादव जति ठूलै विद्वान भए पनि उनी यही जातीय परिधिभित्र आफ्नो सुरक्षित भविष्य देख्यो। जातीय आधारमा हामीले ३/४ वटा सीट पायौं भने हाम्रो राजनीति चलिहाल्छ भनेर आफ्ना अन्तरंग मित्रलाई (अहिले अर्कै पार्टीमा छ) दिएको दिव्य उपदेशलाई यो पंक्तिकारले महापुरुषका अमरवाणी सम्झेर सुरक्षित राखि दिएको छ।

चारैतिरबाट प्रताडित पूर्वराजपा अहिले अखाडामा बजारिएको छ। मधेशको राजनीतिमा अहिले प्रकाशमा देखिएका अनुहारहरु मध्ये महन्थ ठाकुर इमान्दार, सहनशील, त्यागी, एजेण्डाप्रति कठोर अडान, निडर र विश्वासिलो सरल व्यक्तित्वको उदाहरण अर्को देखिन्न। मधेश मुद्दाले यस्तै व्यक्तित्वलाई पत्याउँछ। सबैतिरबाट प्रताडितहरुप्रति जनताको सहानुभूति हुन्छ। आगामी दिनमा मधेशका जनताले यिनलाई शिरमौरको रुपमा चयन गर्ने छन्। महन्थ ठाकुरजीले पनि सबै अटाउने पार्टी बनाएर जानु पर्दछ।

janukjha24@gmail.com

# प्रदेश २ : प्रदेशसभाका उपसचिवको तलब रोक्का

जनकपुरधाम। प्रदेश २ का प्रदेशसभा सचिवालयका उपसचिव रञ्जीत यादवको तलब रोक्का गरिएको छ। संघीय संसद् सचिवालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निमित्त सचिव यादवको तलब रोक्न पत्राचार गरेको हो।

यादव संघीय संसदमा कार्यरत रहँदा निजामती सेवाअन्तर्गत प्रदेश २ मा २०७५ चैत १२ गतेको निर्णयानुसार समायोजन भएर आएका थिए। त्यति बेला संघीय सचिवालयको नगद एवं जिन्सी बरबुझारथ नगरेको कारण तलब रोक्का राख्न निर्देशन दिइएको जनाइएको छ।

प्रदेश २ को मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पठाइएको पत्रमा उपसचिव यादवले रमनासमेत नलिई प्रदेशमा हाजिर भएको उल्लेख छ। पटक-पटक ताकेता गरे पनि अटेरी गरेको, पत्राचार गर्दा जवाफ नदिएको र सार्वजनिक सूचना प्रकाशन गर्दासमेत कुनै प्रतिक्रिया नदिएको पनि पत्रमा उल्लेख छ।

वित्तीय उत्तरदायी ऐनानुसार उनको नाममा रहेको पेस्की फर्छ्योट र जिन्सी बरबुझारथ नगरेसम्म तलब-भत्ता रोक्का राख्न संघीय सचिवालयको निर्णयानुसार अनुरोध गरिएको हो। यादवले संघीय संसद् सचिवालयबाट लिएको पेस्कीबापतको ५४ हजार ३०० रुपैयाँ नगद, एकथान मोटरसाइकल र एकथान ल्यापटपसहित विभिन्न जिन्सी सामानहरू हालसम्म नबुझाएको बुझिएको छ।

यता, यादवले भने सुरुमा आफू काजमा खटिएको हुनाले बरबुझारथ गर्न नसकेको बताए।

# कार्यालय बेवारिसे छाडेर वडा सचिव बेपत्ता

जनकपुरधाम। जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर २० को वडा कार्यालयका जनप्रतिनिधि तथा कर्मचारीहरु चार दिनदेखि बेपत्ता भएपछि स्थानीय सेवाग्राही मर्कामा परेका छन्। उनीहरु कार्यालय आउन छाडेका कारण सेवाग्राही आक्रोशितसमेत बनेका छन्।

वडा नम्बर २० का वडा अध्यक्ष भोगेन्द्र झा र सचिव अनिलकुमार मिश्र लामो समयदेखि कार्यालय आएका छैनन्। स्थानीय तहका पदाधिकारी यसरी लामो समयदेखि कार्यालय आउन छाडेर सम्पर्कविहीन हुँदा स्थानीय वासिन्दाको कामकारबाही प्रभावित भएको छ। सेवाग्राही वडाका पदाधिकारीविरुद्ध आन्दोलनमा उत्रने तयारीसमेत गरेका छन्।

घरदैलौमा सेवाग्राहीले सरकारका सेवा सुविधा पाउन भनेर स्थानीय सरकारको परिकल्पना गरिएको हो। तर स्थानीय तहका पदाधिकारीहरु शासनकर्ताको रुपमा आफूलाई स्थापित गर्दै मनपरी गर्न थालेपछि जनविद्रोहको अवस्था सिर्जना भएको छ। जनताको मत लिएर निर्वाचित वडाअध्यक्ष र जनताको सेवा गर्न सपथ खाएर सरकारी सेवामा भर्ना भएका सचिव नै जनताको कामकारबाहीप्रति उदासीन रहेर चरम भ्रष्टाचारमा लिप्न हुन थालेका छन्। वडाको विकासका लागि आएका रकम विकासका नाममा चारो हालेर जनताको आँखा छल्दै झवाम्म पारेका स्थानीय वासिन्दाहरु बताउँछन्। वडाको विकास बजेटमध्ये करिब ६० लाख रुपियाँ बराबरको हिनामिना गरेको र जनताले त्यो विषय उठाउँदा कार्यालय नै आउन छाडेको बताइएको छ।

वडा अध्यक्ष र वडा सचिव लामो समयदेखि बेपत्ता हुँदा विधवा, अपाङ्ता भएका व्यक्ति, असहाय गरिब, ज्येष्ठ नागरिक लगायतले पाउने सामाजिक सुरक्षा भत्तासमेत पाउन सकेका छैनन्। शिक्षा, स्वास्थ्य, कृषि क्षेत्रको विकासका लागि आएको बजेटसमेत दुरुपयोग गरी आफ्ना नातेदारहरुलाई बाँडेका छन्। वडा अध्यक्ष झा र वडा सचिव मिश्रले गरेको चरम भ्रष्टाचारका विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी दिने तयारीसमेत गरिएको स्थानीय वासिन्दा प्रेम झाले बताए।

17-18, Madheshvani, Saun-29, 2078.pmd 2 8/13/2021, 3:41 PM

# महन्थ–राजेन्द्रले मधेशमा गरेका कार्यक्रम अवैधानिक हो

उपेन्द्र यादवमाथि जस्तो किसिमको आरोप लगाए पनि यथार्थ कुरा यथार्थ नै रहन्छ। जतिसुकै भ्रम सिर्जना गरे पनि त्यो क्षणिक मात्रै हुन्छ। सम्पूर्ण नेपाली जनताले बुझिसकेका छन् कि कसले गल्ती गरेका छन्। कुन प्रभाव, सोच र लोभमा प्रतिगमनको साथ दिए भन्ने कुरा सबैलाई थाहा छ। त्यसकारणले उहाँहरुले भ्रम फैलाएर केही हुँदैन।



**ज्ञानेन्द्र कुमार यादव**
**पूर्वमन्त्री तथा जसपा नेता, प्रदेश २**

**० तपाईं करिब साढे तीन वर्षसम्म प्रदेश २ को आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्हाल्नुभयो, आफ्नो कामप्रति कति सन्तुष्ट हुनुहुन्छ ?**

– जसपा नेपालको रणनीतिअनुसार अग्रगमन शक्तिहरुसँग समन्वय र सहकार्य गरेर संविधान संशोधन र संघीयतालाई संस्थागत गर्ने उद्देश्यका लागि अहिले प्रदेश २ को सरकारमा नेपाली कांग्रेस र माओवादी केन्द्रलाई ल्याइएको छ। म साढे तीन वर्षसम्म मन्त्रीको रुपमा काम गर्दा संघीयता संस्थागत हुन सकेको थिएन। संघीय सरकारले संघीयताको विपक्षमा काम गरिरहेको थियो। जसले गर्दा हामीले सोचेअनुसारको काम गर्न सकेनौं। तथापि पनि मैले सम्हालेको मन्त्रालयमा जुन काम गरें, त्यसबाट म सन्तुष्ट छु। किनभने प्रदेश २ को सरकारले संघीयतालाई संस्थागत गर्नका लागि निरन्तर आफ्ना कामहरु अगाडि बढाइरहेको छ। कानून बनाउने मामिलामा पनि सबै प्रदेशभन्दा बढी प्रदेश २ ले ऐन कानूनहरु बनाएको छ।

**० प्रदेश २ को सबभन्दा प्राथमिकतामा पर्नुपर्ने विषय नामाकरण र स्थायी राजधानी कहिले टुंगो लाग्छ ?**

– प्रदेशको नामाकरण र स्थायी राजधानी टुंगो लगाउन संसदमा दुई तिहाइ बहुमत चाहिन्छ, जुन हामीसँग विगतमा थिएन। यसभन्दा अघि हामीसँग सरकार बनाउने सामान्य बहुमत मात्र थियो। जसपा नेपालले दूरगामी सोच लिएर प्रदेश २ मा संयुक्त सरकार निर्माण गरेको छ। नेपाली कांग्रेस, माओवादी केन्द्र र एमालेको माधव नेपाल समूहसँग सहकार्य गरेका छौं। अहिले हामीसँग दुई तिहाइ बहुमत छ। माओवादी केन्द्रले पनि नामाकरणको सवालमा हामीले गरेको प्रस्ताव नै पेश गरेको छ। त्यसैले नामाकरणको सवालमा जसपा र माओवादीको एकमत छ। यसमा कांग्रेसले यदि साथ दियो भने दुई तिहाइ बहुमतले पारित हुन्छ। यस विषयमा केन्द्रीय नेतृत्वहरुले पनि पहल गरिरहनुभएको छ। आफ्नो स्वार्थभन्दा माथि उठेर संघीयतालाई संस्थागत गर्ने सवालमा कामहरु अगाडि बढाइरहेका छौं।

**० अहिले तपाईंहरुसँग दुई तिहाइ बहुमत छ, मन्त्रालय थपेर प्रदेशमाथि आर्थिक भार मात्रै थपिने काम भएको देखिन्छ। प्रदेशको नामाकरण प्राथमिकतामा किन परेको छैन ?**

– प्रदेशमाथि आर्थिक भार थपिएको भन्ने कुरा होइन, हामीले संघीयतालाई संस्थागत गर्नका लागि सबै दलसँग सहकार्य र समन्वयको नीति लिएका छौं। अब प्रदेशको मन्त्रालय विभाजन गर्नुभन्दा यदि हामीले नै मन्त्रालय छोडेर भएपनि सबैलाई सरकारमा ल्याउने प्रयास गर्नुपर्छ। अर्को कुरा प्रदेशको नामाकरण र राजधानीका लागि प्रस्ताव संसदमा गइसकेको छ। अहिले संसद सञ्चालन हुन नसकेको कारणले छलफल हुन सकेको छैन। संसद सञ्चालन हुने बित्तिकै नामाकरण र राजधानीको विषयमा छलफल गर्छौं। हामीसँग दुई तिहाइ बहुमत छँदैछ र नाम र राजधानी निश्चितरुपमा टुंगो लाग्छ नै।

**० यो गठबन्धन भत्किने सम्भावना पनि देखिन्छ नि ?**

– यो गठबन्धन भत्किने कुनै सम्भावना छैन। यो हाम्रो गठबन्धनले संयुक्त रुपमा सरकार सञ्चालन गर्छ र आउँदो चुनावमा पनि संयुक्तरुपमा नै जानेछ। यो गठबन्धनको उद्देश्य भनेको संघीय गणतन्त्रलाई संस्थागत गर्नु हो। आगामी निर्वाचनमा यो गठबन्धनले दुई तिहाइभन्दा बढी सिट जितेर यो देशमा राजनीतिक स्थिरता दिनुपर्ने आवश्यकता छ। यो गठबन्धनलाई निरन्तरता दिनका लागि हामीले जे गर्नुपर्छ त्यो गर्न तयार छौं। त्यसकारणले यो गठबन्धनमा कुनै किसिमको असर पर्ने अवस्था छैन। यो गठबन्धनलाई लामो समयसम्म अगाडि बढाउने हाम्रो सोच छ।

**० जसरी तपाईंहरुले मन्त्रालयलाई टुक्र्याएर भएपनि कांग्रेस र माओवादीलाई प्रदेश सरकारमा ल्याउनुभयो जसले गर्दा आर्थिक भार मात्र थपिएको देखिन्छ। कांग्रेस र माओवादीलाई सरकारमा ल्याउँदा प्रदेशलाई के फाइदा भयो त ?**

– यसबाट सिंगो देशले नै उपलब्धि पाएको छ। प्रतिगमनकारी शक्ति हावी भएको बेलामा अग्रगमन शक्तिहरु एकजुट भयो। सडक संघर्ष गर्‍यौं र साथसाथै कानूनी उपचारमा पनि गयौं। सर्वोच्च अदालतले त्यतिकै हाम्रो पक्षमा निर्णय गरेको होइन। प्रतिगमनकारीका विरुद्धमा अग्रगमनकारी शक्तिहरु सशरीर सर्वोच्च अदालतमा उपस्थित भएका थिए। जसले गर्दा संघीयता कोल्याप्स हुनबाट जोगिएको हो। यही हाम्रो सबभन्दा ठूलो उपलब्धि हो। अर्को कुरा, प्रदेश २ का जनताले के उपलब्धि पाए भन्ने कुरामा केही मान्छेहरुले प्रदेश २ माथि कुदृष्टि लगाएका थिए। प्रदेश २ संघीयताको जननी हो, संघीयता संस्थागत गर्नका लागि हरेक बलिदान दिन तयार छ। प्रदेश २ बाट बाँकी ६ वटै प्रदेशले पाठ सिक्नुपर्ने छ। योभन्दा बढी राजनीतिक उपलब्धि अरु के हुन सक्छ र।

**० चुनावताका तपाईंहरुले मधेशी गठबन्धन बनाएर मधेशी जनताको मत बटुल्नुभयो। जसको विरुद्धमा भाषण गरेर मत लिनुभयो आज त्यही शक्तिहरुसँग सत्ता गठबन्धन गर्नुभएको छ। यो मधेशी जनादेशको विपरीत होइन ?**

– हामीले संघर्षको जुन बाटो तय गरेका थियौं, जुन विचार र सिद्धान्त लिएर अगाडि बढेका थियौं त्यसलाई सबैले मान्न तयार भएको यो हाम्रो ठूलो उपलब्धि हो। यसबाट हामीले आफ्नो राजनीतिक परिपक्कवतालाई प्रमाणित गरेका छौं। आफ्नो सिद्धान्त र विचारलाई हामीले स्थापित गरेका छौं। जतिबेला हामीले संविधान संशोधन हुनुपर्छ भन्ने प्रस्ताव राख्दा केही दलहरुले यसलाई ठाडो विरोध गरेका थिए, आज ती दलहरु पनि सहमत भएका छन्। जसपाले ल्याएको संविधान संशोधनको प्रस्ताव जायज छ भन्ने कुरा उनीहरु मान्नु भनेको हाम्रो राजनीतिक जीत हो। त्यसकारणले यो मधेशी जनादेशविपरीत होइन। यसमा हिनता बोध गर्ने कुरै होइन। आज कांग्रेस, माओवादी र माधव नेपाल समूहले हाम्रो विचारलाई स्वीकारेका छन् भने यो हाम्रो ठूलो उपलब्धि होइन ? राजनीतिकरुपमा सैद्धान्तिक र वैचारिक जीत भनेको ठूलो उपलब्धि हो। जसपा वैकल्पिक शक्ति बन्ने बाटोमा छ।

**० जसपा विभाजित अवस्थामा छ, अब पनि वैकल्पिक शक्ति बन्छ त ?**

– जसपा नेपाल विकासको चरणबाट अगाडि बढिरहेको छ। प्रजातान्त्रिक अभ्यासमा सर्वसम्मतले निर्णय भयो भने अति उत्तम, यदि भएन भने बहुमतको निर्णयलाई कार्यान्वयन गर्नुपर्ने हुन्छ र अल्पमतमा रहेकाहरुले सम्मान गरेर अगाडि बढ्नुपर्ने हुन्छ। केही साथीहरु प्रतिगमनको पक्षमा लाग्नु गलत कुरा थियो। त्यसमा हाम्रो केन्द्रीय कार्यकारिणी समितिले बहुमतबाट खारेज गर्न सफल भयो। यो भनेको राजनीतिक दूरदर्शिताको परिचय हो। केही व्यक्तिहरु जसपा नेपाल फुटाउनका लागि जिल्ला-जिल्लामा विभिन्न किसिमका कार्यक्रमहरु गरिरहेका छन्, त्यो गैरवैधानिक कार्य हो। हाम्रा श्रद्धेय अध्यक्ष उपेन्द्र यादवजीले पटक-पटक भन्नुभएको छ कि बाटो बिराएका साथीहरु पार्टीमै फर्किनुस्। अध्यक्ष उपेन्द्र यादवजीले आह्वान गर्दा पनि जिल्ला-जिल्लामा गएर जसपालाई विभाजन गर्ने दुस्साहस गरिरहेका छन्। यसबाट पार्टी फुट्दैन, केही गलत सोच राखेका व्यक्तिहरु पार्टीबाट निस्किने मात्रै हो।

**० तर, महन्थ-राजेन्द्र समूहले त उपेन्द्र यादवले जसपा विभाजन गरे भन्ने आरोप लगाएको छ नि ?**

– उपेन्द्र यादवमाथि जस्तो किसिमको आरोप लगाए पनि यथार्थ कुरा यथार्थ नै रहन्छ। जतिसुकै भ्रम सिर्जना गरे पनि त्यो क्षणिक मात्रै हुन्छ। सम्पूर्ण नेपाली जनताले बुझिसकेका छन् कि कसले गल्ती गरेका छन्। कुन प्रभाव, सोच र लोभमा प्रतिगमनको साथ दिए भन्ने कुरा सबैलाई थाहा छ। त्यसकारणले उहाँहरुले भ्रम फैलाएर केही हुँदैन। उहाँहरुकै समूहका नेताहरुले प्रतिकार गर्ने अवस्था आइसकेको छ। उहाँहरुकै समूहका नेताहरुले भनिसकेका छन् कि तपाइँहरु प्रतिगमनको पक्षमा उभिनुभएको थियो। केपी ओली जस्ता संघीयताविरोधीलाई साथ दिनुभएको भन्ने आरोप उहाँहरुकै समूहका नेताहरुले लगाइरहेका छन्। त्यसकारणले अब झुठा र भ्रमपूर्ण कुराहरु चल्दैन। उहाँहरु आफ्नो गल्ती स्वीकारेर पार्टीमा आउनुभयो भने ठिक छ होइन भने राजनीतिक भविष्य समाप्त हुन्छ।

# संसद विघटन गरी देउवा पनि 'अर्लि इलेक्सन'मा जानेछन्



**सञ्जीव कुमार सुरज झा**
**केन्द्रीय उपाध्यक्ष, राष्ट्रिय युवा संघ**

**० नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली करिब दुई तिहाइ बहुमतको सरकारबाट अहिले प्रतिपक्षमा बस्न बाध्य हुनु परेको छ, पार्टीभित्र पनि विवाद छ। यी समग्र प्रक्रियालाई कसरी मूल्यांकन गर्नुहुन्छ ?**

– विगतका निर्वाचनहरुमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको नाममा सबभन्दा ठूलो दलको रुपमा हामी आएको थियौं। मरनासन्न अवस्थामा रहेको माओवादीलाई पनि हामीले पुनर्जीवन दियौं। तर प्रचण्डको अस्थिर राजनीतिक चरित्रका कारण भाँडभैलो मच्चियो। कुनै पनि सरकारलाई स्थिर बस्न नदिने चरित्र नै प्रचण्डको हो। यस्तै, हाम्रै पार्टीका लाल गद्दारको संज्ञा पाएका माधव नेपालभित्र ठूलो कुण्ठा थियो। किनकि माधव नेपालले एमालेको नेतृत्व गरिरहँदा सिद्धिने अवस्थामा पुगिसकेको थियो। तर जब नवौं महाधिवेशनबाट केपी शर्मा ओली अध्यक्षमा निर्वाचित हुनुभयो, एमालेले नयाँ गति र मोड लियो। ऐतिहासिकरुपले देशको सबभन्दा ठूलो पार्टी बन्यो। तर अहिले कुण्ठै कुण्ठाले भरिएका केही पात्रहरुका कारण यस्तो अवस्थामा आइपुग्यो। सूर्य चिन्हबाटै जितेका केही मान्छेहरु अहिले विपरीत पार्टीलाई साथ दिइरहेका छन्। दलीय व्यवस्थाको सबभन्दा कुरुप अवस्था सिर्जना गर्ने माधव नेपाल र प्रचण्डले वामपन्थी आन्दोलनलाई पनि सिध्याउने प्रयत्न गर्दैछन्।

**० एमालेका वरिष्ठ नेता माधव नेपाल अहिले सत्तापक्ष हुनुहुन्छ नि ?**

– माधव नेपाल एमालेको वरिष्ठ नेता होइन। किनभने वरिष्ठ नेता भनेको नेता कार्यकर्ताले सहृदयले मानिदिने पद हो। उहाँले आज वामपन्थी आन्दोलनलाई विसर्जन गरेर साम्राज्यवादी र पुँजीवादीको टाङ्गमुनि छिर्नुभएको छ। उहाँ अब वामपन्थी नै रहनुभएन। उहाँ मेकहेल गोर्वाचेभको नेपाली भेरियन्ट हो। वामपन्थी विचारधारामाथि विश्वास गर्ने जनताप्रति गद्दारी गर्ने लाल गद्दार हुन् माधव नेपाल। त्यसैले, एमालेका लाल गद्दार माधव नेपालका कारण अहिले यस्तो अवस्था भएको हो। उहाँ जस्ता लालगद्दारका कारण हामीलाई अहिले प्राविधिकरुपमा अप्ठ्यारो भएकै हो।

**० आफ्नै पार्टीका नेतालाई लालगद्दार भन्न मिल्छ त ? उहाँ एमाले होइन ?**

– उहाँलाई अलिकति पनि लाज छ भने एमालेभित्र फर्किनु हुन्न। किनभने उहाँ एमाले नै होइन। सूर्य छापबाट जनताको मत लिएर कांग्रेसलाई बुझाउनुभयो। जबकि राजनीतिकरुपमा कांग्रेस जहिले पनि हाम्रो वर्गशत्रु हो। कांग्रेस जहिले पनि पुँजीवादीहरुको पक्षमा हुन्छ, हामी वर्गीय गरीब, मजदूर, किसानहरुको पक्षमा हुन्छौं। माधव नेपालको अवस्था अहिले निर्लज्जताको पराकाष्ठा हो।

**० माधव नेपाल आफ्नै पार्टीको सरकारविरुद्ध लाग्नुका केही कारण त होला नि ?**

– केपी ओलीको लोकप्रियता, इमान्दारिता र विकास निर्माणको काममा जसरी फड्को मार्नुभो, देशलाई अन्तर्राष्टिय जगत्मा एउटा स्वाभिमानीको रुपमा उभ्याउनुभयो। त्यो कुण्ठाबाट माधव नेपाल ग्रस्त छन्। नेपालको इतिहासमा नक्सा परिवर्तन गर्ने जंगबहादुर र पृथ्वीनारायण शाह पछिका प्रधानमन्त्री केपी शर्मा ओली हो। केपी ओलीको लोकप्रियता यति उचाइ लियो कि माधव नेपाललाई पचेन। माधव नेपाल व्यक्तिगत कुण्ठा, इर्ष्या, सत्तालोलुप्ता, भागवण्डाका कारण सम्पूर्ण वामपन्थी नेता कार्यकर्ताहरुको विश्वासमाथि कुठाराघात गर्ने लालगद्दार हुन्।

**० तर, केपी ओलीले त पटक-पटक संसद विघटन गर्नुभयो, प्रतिगमन र संविधान विरोधी कार्यहरु गर्नुभयो नि ?**

– चुनावमा जानु प्रतिगमन हुन्छ त ? अब प्रधानमन्त्री शेरबहादुर देउवाले कुनै पनि विधेयक पास गर्न सकेन भने फेरि संसद विघटन गरेर चुनावमै जानुपर्ने हुन्छ।

**० प्रधानमन्त्री देउवासँग अहिले प्रचण्ड बहुमत छ, उहाँले किन संसद विघटन गर्ने ?**

– उहाँसँग प्रचण्ड बहुमत छ भने बिलहरु ल्याएर विधेयकहरु पास गर्नुपर्‍यो नि त। उहाँ प्रधानमन्त्री भएको महिना दिन बित्न लागिसक्यो तर संसदमा विजनस छैन। एमसीसी सम्झौता गर्ने त्यही प्रचण्ड र देउवा हुन्, किन संसदमा ल्याउन सकिरहेको छैन ? किनभने उहाँलाई थाहा छ कि उहाँसँग कृत्रिम बहुमत छ। निकट भविष्यमै सबै सुन्छन् कि यही प्रचण्डका कारण यो सरकार पनि अल्पमतमा जान्छ र संसद विघटन गरेर चुनावमा जाने बाहेक कुनै विकल्प छैन।

**० भनेपछि, यो संसदको बाँकी अवधि जुन छ त्यो पूर्णकाल चल्दैन ?**

– प्रचण्डका अस्थिर राजनीतिक मानसिकताका कारण शेरबहादुर देउवालाई गाह्रो हुनेछ। केपी ओलीलाई हटाउन यिनीहरु एकजुट भएका थिए, यिनीहरुको कुण्ठा मिलेको थियो। प्रचण्डलाई धेरै समयसम्म देउवाले झेल्नै सक्दैन। किनभने देउवा यतिकै कमजोर प्रधानमन्त्री हुन्। देउवामाथि बाह्य शक्तिको दबाब त छँदैछ, यही अवस्था प्रचण्ड र माधव नेपालको धेरै दबाब थेग्ने अवस्था छैन। अन्ततः देउवाले यो संसद विघटन गरेर अर्लि इलेक्सनमा जानेबाहेक कुनै पनि विकल्प छैन। देउवालाई आफ्नै पार्टीका नेताले असफल व्यक्तिको तक्मा भिराइसक्यो, भनेपछि विघटनको अवस्था त सुरु भइसक्यो।

**० एमसीसीको विषयमा एमालेभित्र पहिला पनि विवाद थियो, कांग्रेसले पास गर्न चाहन्थ्यो। अहिले देउवा सरकारले एमसीसी संसदमा ल्यायो भने एमालेले के गर्छ ?**

– एमालेको कार्यदल, बुद्धिजीबी र आमजनताले सल्लाह दिएअनुसार संशोधन नभइकन एमसीसीलाई समर्थन गर्दैन भनेर हाम्रा अध्यक्ष केपी ओलीले भनिसक्नुभएको छ। ती सबै चासोका विषयहरु संशोधन भएर आउँछ भने सोच्न सकिन्छ। तर जस्ताको तस्तै एमसीसी पास गराउने विषयमा एमाले विरोध गर्छ र आवश्यक पर्‍यो भने राष्ट्रिय युवा संघले सडक पनि तताउँछ।

**० जसपाका महन्थ ठाकुर पक्ष केपी ओलीलाई साथ दिँदा उहाँ अहिले पार्टीविहीन अवस्थामा पुग्नुभएको छ नि ?**

– महन्थ ठाकुरलाई कृष्णप्रसाद भट्टराई पछिको एउटा सन्त नेताको रुपमा चिनिन्छ। उहाँ व्यक्तिगत स्वार्थभन्दा धेरै माथि उठेका व्यक्तित्व हुनुहुन्छ। उपेन्द्र यादवको पार्टी जब फुटिरहेको थियो, त्यतिबेला महन्थ ठाकुरले जोगाइदिनु नै सबभन्दा ठूलो गल्ती थियो। उपेन्द्र यादवजस्ता कुपात्र नेपाली राजनीतिबाट जति छिटो बहिर्गमन हुन्छ, त्यति चाँडो नेपाली राजनीति स्वच्छ र सफा हुन्छ। अबको प्रतिनिधिसभा चुनाव यो विषयमा धेरै केन्द्रित हुन्छ। प्रचण्ड, माधव नेपाल र उपेन्द्र जस्ता मान्छेहरुका कारण नेपाली राजनीति कहिल्यै पनि स्थिर रहन सक्दैन। प्राविधिकरुपमा महन्थ ठाकुरलाई उपेन्द्र यादवले अध्यक्षबाट हटाएको होला तर महन्थ ठाकुरको नाममा मधेशमा धेरै ठूलो जनमत छ। अर्को चुनावमा महन्थ ठाकुरलाई जनताले फेरि विश्वास गर्छन्। एउटा सन्त नेताको पिठ्युँमा छुरा प्रहारको कुरा सबै जनताले बुझेका छन्।

**० अहिले सत्तारुढ पाँच दलीय गठबन्धनलाई चुनावसम्मै निरन्तरता दिइने भनिएको छ, यसलाई कसरी लिनुभएको छ ?**

– यो पाँच दलीय गठबन्धन नै होइन। माधव नेपाल कुन दलको हो ? उहाँको कुनै दल नै होइन। यो एउटा अप्राकृतिक गठबन्धन हो र सत्ता साझेदारसम्म मात्रै हो। चुनावभन्दा पहिला नै यिनीबीच फुट सुरु हुन्छ।

**० गत चुनावमा माओवादीसँग गठबन्धन गरेर एमाले चुनावमा गएको थियो, फेरि माओवादीसँग गठबन्धनको सम्भावना छ ?**

– हामी प्रचण्डमुक्त देश चाहेका छौं र लालगद्दारहरुलाई नेपाली राजनीतिबाट विस्थापित गर्न खोजेका हौं। त्यो विस्थापित पनि हुन्छ। हाम्रो चुनावी सहकार्य वा एकता महन्थ ठाकुर समूहसँग सम्भावना छ। किनभने वैचारिक, क्रान्तिकारी र देश विकास लगायतका कुरामा हामी नजिक भएका छौं। त्यसैले महन्थ ठाकुरसँग गठबन्धन हुन सक्छ।

**० विगतमा मधेशमा एमाले र केपी ओलीलाई मधेशविरोधीको संज्ञा दिइएको थियो, आगामी चुनावमा कस्तो सम्भावना छ ?**

– उपेन्द्र यादवहरुले एमाले र केपी ओलीविरुद्ध छरेको भ्रम चिरिसकेको छ। जनताले राम्ररी बुझिसकेका छन्। जनता अहिले केपी ओलीको पक्षमा उत्साहका साथ लागेको देखिन्छ। हामी प्रदेश २ मा स्थानीय, प्रदेश र प्रतिनिधिसभामा ठूलो दलको रुपमा आउँछौं।

# संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रम

नेपाली जनताले पटकपटक गरेका ऐतिहासिक जनआन्दोलन, सशस्त्र सङ्घर्ष, मधेस आन्दोलनलगायत विभिन्न आन्दोलन, त्याग र बलिदानको गौरवशाली इतिहासलाई स्मरण एवम् सहिद तथा वेपत्ता र पीडित नागरिकलाई सम्मान गर्दै,

नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राख्दै जनतामा निहित सार्वभौमसत्ता, संविधानको सर्वोच्चता, स्वतन्त्र न्यायपालिका, नागरिक र मौलिक अधिकार, लोकतन्त्र, समानुपातिक समावेशिता, पूर्ण प्रेस स्वतन्त्रता, कानूनी राज्य, विधिको शासन, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरू, उत्पीडित वर्ग, जाति, क्षेत्र, लिङ्ग र समुदायको आधारभूत मानव अधिकारको संरक्षण गर्दै,

राष्ट्रिय हित, सामाजिक आर्थिक न्याय तथा लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिवद्ध रहँदै समुन्नत सङ्घीय शासन प्रणालीको माध्यमबाट न्यायपूर्ण, विभेदरहित, समतामूलक, सबल र समृद्ध नेपालको निर्माण गर्ने सङ्कल्प गर्दै, असंवैधानिक रूपमा प्रतिनिधिसभा विघटन गरी सर्वसत्तावादी, अलोकतान्त्रिक र अधिनायकवादी रूपमा शासन सत्ता सञ्चालन गर्ने प्रतिगामी प्रवृत्तिको अन्त्य र सङ्घीय लोकतान्त्रिक गणतन्त्र, संविधान र संसदको रक्षार्थ भएको सङ्घर्षको भावनालाई आत्मसात गर्दै,

आपसी संवाद, सहमति र सहकार्यमार्फत गठबन्धनको संस्कृति विकास गर्न नेपाली काङ्ग्रेस, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र जनता समाजवादी पार्टी, नेपाल तथा संयुक्त सरकारलाई समर्थन गर्ने दलहरू तल उल्लेखित साझा न्यूनतम कार्यक्रममा सहमत भएका छौं।

१. संयुक्त सरकारका प्राथमिकताहरू

१. संयुक्त सरकारको मुख्य प्राथमिकता कोभिड-१९को महामारीमा नागरिकको जीवन रक्षा गर्ने।

२. संविधानको सर्वोच्चता, कानूनी राज्य र सुशासनको प्रत्याभूति दिने।

३. शान्ति प्रक्रियालाई पूर्णता दिन विस्तृत शान्ति सम्झौताका बाँकी कार्यभार तथा विभिन्न पक्षहरूसँग भएका सहमतिहरूको कार्यान्वयन गर्ने।

४. राजनीतिक दलहरूको सहमतिमा संविधान संशोधनका लागि पहल गर्ने।

५. सङ्घीयता कार्यान्वयन एवं प्रदेश र स्थानीय तहका सरकारहरूको सवलीकरणको लागि आवश्यक कानून तर्जुमा गर्ने र संसदमा विचाराधीन विधेयकहरू टुङ्गो लगाउने।

६. सामाजिक-आर्थिक रूपान्तरणको आधार निर्माण गर्दै उच्च र समन्यायिक आर्थिक विकासमा जोड दिने।

७. उत्पादनमुखी अर्थतन्त्रमा जोड, आपूर्ति व्यवस्थामा सुधार, महङ्गी नियन्त्रण तथा भ्रष्टाचारको छानबिन र कारबाहीका लागि अग्रसरता लिने।

८. कोभिड-१९का कारण सङ्कटग्रस्त उद्योग, पर्यटन व्यवसाय, सञ्चार, यातायात, पार्टी प्यालेस, व्यायामशाला, सिनेमा तथा मनोरञ्जन उद्योगलगायतका क्षेत्रहरूको उत्थान तथा कोविड- १९ बाट प्रभावित श्रमजीवी, विपन्न, बेराजगार आदिको राहतका लागि विशेष आर्थिक प्याकेजको व्यवस्था गर्ने।

९. बाढी, पहिरो, आगलागी तथा डुवान लगायतका बिपत्ति परेका जनताको उद्धार, राहत तथा पुनःस्थापना गर्ने।

१०. राष्ट्रिय हितको रक्षा गर्न एवं जनताको समृद्धिका लागि स्वतन्त्र र सन्तुलित परराष्ट्र नीति अवलम्बन गर्ने।

११. आपसी संवाद, सहमति र सहकार्यको संस्कृतिको विकास गर्दै राष्ट्रिय एकता सुदृढ गर्ने ।

२. संयुक्त सरकारका नीति र कार्यक्रमहरू

२.१. कोभिड-१९बाट उत्पन्न महाविपत्तिबाट मुक्ति

१. आगामी असोजसम्ममा एक तिहाई नागरिकलाई र चैत मसान्तसम्ममा खोप लगाउन योग्य सबै नेपालीलाई निःशुल्क खोपको व्यवस्था गर्ने ।

२. खोप उत्पादनका लागि नेपालमै भ्याक्सिन ल्याब स्थापना गर्न पहल गर्ने।

३. उपचारमा खटिएका स्वास्थ्यकर्मीहरू, अस्पतालका कर्मचारी, एम्बुलेन्स चालक, सफाई मजदुर तथा सुरक्षाकर्मीहरूलाई प्रोत्साहन भत्ता तथा आवश्यकतानुसार व्यक्तिगत सुरक्षा साधन उपलब्ध गराउने। अग्र स्थानमा रही सेवा प्रदान गर्ने राष्ट्रसेवक कर्मचारीहरुलाई आवश्यकता अनुसार व्यक्तिगत स्वास्थ्य सुरक्षा सामग्री उपलब्ध गराउने।

४. कोभिड-१९रोकथाम, नियन्त्रण र उपचारका लागि अस्पताललगायत भौतिक पूर्वाधारको विकासमा प्राथमिकता दिने।

५. कोभिड-१९को सम्भावित तेस्रो लहरका सम्बन्धमा स्वास्थ्य सचेतना बढाउने, आवश्यक जनशक्ति र गुणस्तरीय स्वास्थ्यसामाग्रीको व्यवस्थापन गर्ने, अक्सिजन र अन्य आवश्यक औषधिको आपूर्ति सुनिश्चित गर्ने तथा स्वास्थ्य संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने।

६. स्वास्थ्य सामग्री खरिदमा भएको अनियमितताको छानबिन गर्ने र दोषी देखिएका व्यक्ति/संस्था उपर कानूनी कारवाही गर्ने ।



२.२. राष्ट्रिय हितको संवर्द्धन

१. देशको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र जनताको जीऊधनको रक्षाको पूर्ण प्रत्याभूति हुने गरी राष्ट्रिय सुरक्षा नीतिमा आवश्यक परिमार्जन गरी कार्यान्वयन गर्ने र देशको स्वाभिमानको रक्षा गर्ने ।

२. लिम्पियाधुरा, कालापानी र लिपुलेक लगायतका छिमेकी मुलुकहरुसँग समाधान हुन बाँकी सीमा समस्याहरु कुटनीतिक माध्यमबाट समाधान गर्ने। सीमा सुरक्षा र तस्करी नियन्त्रणका लागि सीमा सुरक्षा चौकी ( बीओपी) बृद्धि गर्ने ।

३. राष्ट्रिय हितमा जलस्रोतको द्विपक्षीय र बहुपक्षीय उपयोग गर्ने र जलस्रोत नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।

४. वैदेशिक सहायतालाई बजेटरी प्रणालीमार्फत सरकारको स्वामित्व र नेतृत्व हुने गरी भौतिक पूर्वाधारको निर्माणलगायतका राष्ट्रिय प्राथमिकताको क्षेत्रमा परिचालन गर्ने।

५. राष्ट्रिय हित प्रतिकूल रहेका सन्धि सम्झौताहरूको पुनरावलोकन गर्ने ।

६. सुरक्षा अङ्गको व्यवसायिकतामा जोड दिँदै मनोबल उच्च बनाउन आवश्यक साधन स्रोत उपलब्ध गराउने।

२.३ सङ्घीयताको कार्यान्वयन र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण

१. संघीयता कार्यान्वयनका लागि तीन तहका सरकारको क्षेत्राधिकार र अन्तरसम्बन्धलाई संविधानबमोजिम कार्यान्वयन गर्ने। संविधान बमोजिम प्रदेशलाई हस्तान्तरण गर्न बाँकी रहेका विभिन्न मन्त्रालय मातहातका निकायहरु हस्तान्तरण गर्ने।

२. सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न संविधानमा उल्लेखित साझा अधिकारका सूचीसँग सम्बन्धित कानूनलगायत अन्य आवश्यक ऐन कानूनहरु प्राथमिकताका साथ तर्जुमा गर्ने।

३. सङ्घीय सरकारबाट प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण हुँदै आएको रकम वृद्धि गरी न्यायोचित वितरण गर्ने तथा आवश्यक श्रोत, साधन र जनशक्ति तत्काल व्यवस्था गर्ने।

४. प्रदेशसँगको समन्वयमा प्रदेश प्रहरी समायोजनको काम यथाशीघ्र सम्पन्न गर्ने ।

५. प्रदेश र स्थानीय तहलाई संविधानबमोजिम अधिकार सम्पन्न बनाउन आवश्यक कार्य गर्ने।

६. सङ्घीय कानूनहरु निर्माण र संशोधन गरी प्रदेश तथा स्थानीय तहको अधिकार सूचीमा रहेका विषयहरुको यथाशीघ्र निरुपण गर्न सहजीकरण गर्ने तथा प्रदेशका क्षेत्राधिकारसँग बाझिएका ऐनहरु संशोधन गर्ने ।

७ संसदमा विचाराधीन सङ्घीय निजामती सेवा विधेयक, नागरिकता विधेयकलगायत अति आवश्यक विधेयकहरूलाई संसदबाट पारित गराउने।

८. संविधान प्रदत्त सामाजिक न्यायको हकको सुनिश्चितताका लागि समानुपातिक समावेशिताको सिद्धान्तलाई कार्यान्वयन गर्ने ।

९. मौलिक हकको प्रभावकारी रुपमा कार्यान्वयन गर्न राज्यको भूमिका अभिबृद्धि गर्ने।

१०. विदेशमा रहेका नेपाली नागरिकलाई समेत मतदानको अधिकार दिलाउन पहल गर्ने।

२.४. शान्ति सुरक्षाको प्रत्याभूति, सुशासन र सदाचार

१. कानूनी राज्यको मान्यताअनुरूप सुशासनको प्रत्याभूति, सार्वजनिक प्रशासन र सुरक्षा निकायलगायतका सबै राज्य संयन्त्रलाई निष्पक्ष र जवाफदेही बनाउन ठोस कदम चाल्ने।

२. समाजमा शान्ति सुव्यवस्था कायम गर्न अपराध र अराजकता नियन्त्रण गरी दण्डहीनताको अन्त्य गर्ने।

३. निजामती प्रशासन, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीलगायतका सुरक्षा निकायहरूलाई सक्षम, निष्पक्ष, पारदर्शी र जनउत्तरदायी रुपमा सञ्चालन गर्ने ।

४. शैक्षिक क्षेत्र, स्वास्थ्य क्षेत्रलगायत सामाजिक तथा सार्वजनिक क्षेत्रका पदहरूमा नियुक्ति र पदोन्नति गर्दा सरकारले क्षमता, योग्यता, वरिष्ठता र कार्यसम्पादन मूल्याङ्कनको आधारमा पारदर्शी प्रणाली अवलम्बन गर्ने ।

५. सङ्घीय व्यवस्थाको आधारभूत मान्यताअनुरूप निजामती सेवा एवम् सुरक्षा निकायको पुनर्संरचनाको कामलाई पूर्णता दिने।

६. सुशासनयुक्त तथा भ्रष्टाचारमुक्त शासकीय व्यवस्था निर्माणका लागि सार्वजनिक क्षेत्रमा इ-विडिङ लगायत अनलाइनमार्फत हुने सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने।

७. अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई आवश्यक जनशक्ति र स्रोत साधन उपलब्ध गराउने। राष्ट्रिय सतर्कता केन्द्र जस्ता भ्रष्टाचार नियन्त्रणका अङ्गहरूलाई प्रभावकारी बनाउने।

८. सार्वजनिक सेवा प्रवाहमा लाग्ने समय एक तिहाईले घटाउने गरी प्रशासनिक सुधार गर्ने।

९. सबै प्रदेशबाट प्रभावकारी तवरले सवारी चालक अनुमति पत्र तथा राहदानी उपलब्ध गराउने।

१०. राष्ट्रिय परिचयपत्र प्रणालीलाई देशभर लागू गर्ने ।११. सरकारले जनतालाई उपलब्ध गराउने सेवालाई जनमैत्री, छिटो, छरितो, सुलभ, कम खर्चिलो एवं झन्झट मुक्त बनाउने ।

२.५. शान्ति प्रक्रियाको पूर्णता

१. सरकार र नेकपा (माओवादी) बिच भएको वृहद शान्ति सम्झौता तथा मधेस आन्दोलन लगायत विभिन्न पक्षहरूसँग भएका सहमति र सम्झौताहरूको कार्यान्वयन गर्ने।

२. सशस्त्र सङ्घर्षको सन्दर्भमा गिरफ्तार गरिएका बन्दीहरूलाई वृहत् शान्ति सम्झौताको भावनाअनुसार रिहा गर्ने।

३. सत्य निरूपण तथा मेलमिलाप आयोग र वेपत्ता पारिएका व्यक्ति छानबिन आयोगको ऐन संशोधन गर्ने र आयोगलाई आवश्यक स्रोत, साधन र जनशक्ति उपलब्ध गराई शान्ति प्रक्रियाका बाँकी काम यथाशीघ्र सम्पन्न गर्ने।

४. लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्ने। तराई मधेसमा भएका विभिन्न आन्दोलनको बेला लगाइएका मुद्दाहरूको पुनरावलोकन गरी अन्यायपूर्वक बन्दी बनाइएका व्यक्तिको रिहाइ गर्ने ।

५. तराई मधेस लगायत विभिन्न क्षेत्रमा सङ्घर्ष गरेका समूहहरूसँग सरकारले गरेका सहमतिलाई तदारुकताका साथ कार्यान्वयन गर्ने ।

२.६. आर्थिक नीति तथा कार्यक्रम

१. नेपाललाई विकसित मुलुकको स्तरमा पुयाउन सरकारी, सहकारी र निजी क्षेत्रको समन्वयात्मक तथा क्रियाशील भूमिकाका आधारमा विकास निर्माण लगायतका समग्र आर्थिक कार्यक्रम सञ्चालन गर्ने । आर्थिक क्षेत्रसँग सम्बन्धित बिचाराधीन सबै विधेयक तीन महिनाभित्र पारित गर्ने ।

२. जल, जमिन, जङ्गल, जडीवुटी र जनशक्ति जस्तो महत्त्वपूर्ण स्रोत साधनहरूको उच्चतम सदुपयोग गरी मुलुकलाई तीव्र आर्थिक विकासको बाटोमा डोर्याउनका लागि पूर्वाधार तयार गर्ने र उत्पादन तथा उत्पादकत्व वृद्धि गर्दै समन्यायिक वितरणमा आधारित आर्थिक नीति अबलम्बन गर्ने।

३. वित्तीय सङ्घीयताको मान्यताअनुरूप स्रोत साधनको बाँडफाँट गर्ने। संविधानमा व्यवस्था भएको अधिकारको सूचीबमोजिम सङ्घ, प्रदेश र स्थानीय तीनवटै तहबाट मानव संशाधन र भौतिक पूर्वाधार विकासको नीति लिने ।

४. सरकारी र निजी क्षेत्रको सहकार्यका आधारमा लगानीमैत्री वातावरणको निर्माण गर्ने। स्वदेशी लगानीलाई प्रोत्साहन तथा विदेशी लगानीलाई आकर्षित गर्ने। विकास सहायतालाई राष्ट्रिय प्राथमिकताको क्षेत्रमा प्रवाह गर्न आवश्यक आर्थिक ऐन, नियमहरू संशोधन गर्ने।

५. निर्वाहमुखी कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण र व्यवसायीकरण गर्ने । मलको आपूर्ति सुनिश्चित गर्ने, उखु उत्पादक किसानको समस्या समाधान गर्ने र कृषि उत्पादनको जीवन चक्रमा पर्ने जोखिमको न्यूनीकरण गर्ने । कृषि उपजको बजार मूल्य तोकी खरिदको सुनिश्चितता गर्ने र आधारभूत तथा दैनिक उपभोग्य कृषिजन्य उपजमा आत्मनिर्भर हुने। कृषि विमाको व्यवस्था गरी जोखिम न्यूनीकरण गर्ने।

६. जल तथा प्राकृतिक स्रोतको दिगो उपयोग हुनेगरी ऊर्जा विकासलाई अर्थतन्त्र निर्माणको मुख्य आधार बनाउँदै आन्तरिक लगानीबाटै मझौला, ठूला तथा जलासययुक्त जलविद्युत आयोजना निर्माण गर्ने र निर्यातमूलक आयोजनाहरूमा विदेशी लगानी आकर्षित गर्ने । विद्युत उत्पादन र वितरण प्रणालीबीच तादात्म्यता कायम गर्ने गरी पूर्वाधार विकास गर्ने । विद्युत खपतका लागि उद्योगधन्दा, कलकारखाना, यातायातको विकास गर्ने। गरिव र विपन्नका लागि विद्युत महसूल घटाउने र पहुँच वढाउने। आन्तरिक खपतभन्दा अधिक रहेको विद्युत निर्यातका लागि छिमेकी मुलुकहरूसँग द्विपक्षीय र बहुपक्षीय संवाद अगाडि बढाउने र उच्च क्षमताको विद्युत प्रसारण लाईन जडान गर्ने।

७. नेपाललाई आकर्षक पर्यटकीय गन्तव्यको रुपमा विकसित गर्न पर्यटन पूर्वाधार निर्माणमा जोड दिने। कोभिड-१९ महामारीबाट प्रभावित पर्यटन क्षेत्रको पुनरुत्थानका लागि तत्काल राहतका प्याकेज ल्याउने र गुणस्तरीय तथा दिगो पर्यटन विकासका लागि भौगोलिक, सांस्कृतिक तथा जैविक विविधतालाई उपयोग गर्ने।

८. भौतिक पूर्वाधारको दिगो एवं गुणस्तरीय विकास निर्माण गर्ने, पूर्वाधार निर्माणमा ढिलासुस्तीलाई अन्त्य गर्ने र पाँच वर्षसम्म निर्माण कम्पनिले नै मर्मत सम्भार गर्नुपर्ने व्यवस्था गर्ने। यातायात क्षेत्रको एकीकृत विकासका लागि स्थल, हवाई, रेल, पानीजहाज र केवुलकार सेवाको एकीकृत योजना तयार गरी सार्वजनिक यातायात सेवालाई सुदृढ र व्यवस्थित गर्ने। पूर्व-पश्चिम लोकमार्ग चार लेन तथा काठमाडौं उपत्यकाको रिङरोड आठ लेनमा विस्तारको बाँकी काम यथाशीघ्र सम्पन्न गर्न प्राथमिकता दिने। हुलाकी लगायतका पूर्व-पश्चिम लोकमार्गहरु र उत्तर-दक्षिणका कोरिडोर तथा व्यापारिक मार्गहरु प्राथमिकताका साथ निर्माण गर्ने।

९. अर्थतन्त्रमा उत्पादनमूलक उद्योगको योगदान वढाउन औद्योगिकीकरणलाई उच्च प्राथमिकता दिने। आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमूलक उद्योगको विकासमा जोड दिँदै व्यापार घाटा क्रमशः कम गर्दै लैजाने। स्वदेशी सामानको उत्पादन तथा उपभोगमा जोडदिने। पूँजी, प्रविधि, श्रम र उद्यमशीलताको संयोजन गरी मुलुकको औद्योगिकीकरण गर्ने र उत्पादनका लाभहरुको समन्यायिक वितरण गर्ने। मुलुकको मध्य भागमा पर्ने गरी एउटा हाइटेक सिटी निर्माणको लागि सम्भाव्यता अध्ययन गर्ने।

१०. डिजिटल नेपालको अवधारणालाई सार्थक बनाउन सूचना तथा सञ्चार क्षेत्रलाई विकास र विस्तार गर्न ठोस नीति र कार्यक्रम तय गर्ने। जनताको सूचनाको हकको ग्यारेण्टी गर्ने, पूर्ण प्रेस स्वतन्त्रता प्रत्याभूत गर्ने र गोपनियताको हकको सुनिश्चित गर्ने।

११. नदी पथान्तरण (डाइभर्सन) तथा भूमिगत र लिफ्ट सिंचाइको माध्यमबाट तराई मधेसलगायत सिंचाइ सुविधा पुग्न नसकेका खेतीयोग्य भूमिमा दिगो सिंचाइ सुविधा पुर्याउने। नदी कटान क्षेत्रलाई तटवन्धन गरी नदी उकास भूभागलाई व्यवस्थित रूपमा प्रयोगमा ल्याउन योजना बनाउने ।

१२. संविधानको भावनाअनुसार भूमिहीनहरूलाई भूमि उपलब्ध गराउने। कृषि मजदुर, मुक्त कमैया, हलिया, बाँधा र भूमिहीन किसानको आर्थिक, सामाजिक उत्थान र बसोबासको व्यवस्था गर्ने। भूमिको उत्पादन र उत्पादकत्व वढाउन वैज्ञानिक भूउपयोग नीति प्रभावकारी रुपमा लागू गर्ने ।

१३. वित्त तथा मौद्रिक नीतिमा सुधार गरी बैंक तथा वित्तीय क्षेत्रको विकास गर्ने, संकटग्रस्त उद्योगको व्याज मिनाहा गर्ने तथा रुग्ण उद्योगलाई राम्रो प्रतिफल दिन सक्ने गरी सञ्चालन गर्ने वातावरण तयार गर्ने। औद्योगिक सुरक्षाको व्यवस्था गर्ने।

१४. विकासको मुख्य उद्देश्य मानव विकास र त्यसको मुख्य आधार श्रम नै भएकाले श्रमको सम्मान गर्ने संस्कृतिलाई प्रोत्साहित गर्ने। देशभित्र उत्पादनका क्रियाकलाप वृद्धि गरी रोजगारी प्रदान गर्ने। वैदशिक रोजगारीबाट पूँजी र प्रविधिसहित फर्केका नेपालीलाई देशभित्र रोजगारमूलक व्यवसाय गर्न प्रोत्साहित गर्ने।

१५. सार्वजनिक संस्थानहरुको व्यवस्थापनमा सुधार गरी व्यावसायिक, प्रतिष्पर्धी र प्रभावकारी बनाउने।

१६. सडक, विजुली, पानी, ढल, सञ्चार लगायतका विकास निर्माणका कार्य एकीकृत र समन्वयात्मक ढङ्गले सम्पन्न गर्नेगरी सरोकारावाला निकायहरुलाई सञ्चालन र परिचालन गर्ने।

१७. भूकम्प, वाढी पहिरो, डुवान, भूक्षय तथा आगलागी जस्ता विपदबाट हुने जनधनको नोक्सानी कम गर्नका लागि डिजिटल प्रविधिको समेत प्रयोग गरी पूर्व सर्तकता प्रणाली विकास गर्ने, आवश्यकतानुसार वस्ती स्थानान्तरण गर्ने र एकीकृत बस्ती निर्माण सुरु गर्ने।

१८. मितव्ययीरुपमा सरकार सञ्चालन गर्ने, पूँजीगत खर्च बढाउने, वैदेशिक ऋण मूलतः पूर्वाधार क्षेत्रमा उपयोग गर्ने र वैदेशिक ऋण भुक्तानीलाई पारदर्शी बनाई सरोकार पक्षलाई सुसूचित गर्ने।

१९. लघु, साना तथा मझौला उद्योगहरुलाई वित्तीय पहुँच, दर्ता तथा कर प्रणाली सहज बनाउँदै त्यस्ता उद्योगहरुको बजार पहुँच बढाउने।

२.७ सामाजिक रूपान्तरण

१. श्रमिक लगायत गरिबी, बञ्चितीकरण र जोखिमयुक्त जीवनयापन गरिरहेका तथा आफ्नो हेरचाह आफै गर्न नसक्ने व्यक्तिहरुलाई सामाजिक सुरक्षा प्रदान गर्ने । सामाजिक सुरक्षा प्रणालीलाई व्यवस्थित गर्न एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना लागू गर्ने।

२. मानव विकास सूचकाङ्क तथा जनसङ्ख्या र भूगोलका आधारमा सबै प्रदेशको सन्तुलित विकासमा जोड दिने। गरिबीको रेखामुनी रहेको जनतालाई अत्यावश्यक वस्तुहरू सुपथ मूल्यमा वितरण गर्न गरिव घरपरिवार परिचय पत्रको व्यवस्था तथा सबैका लागि सार्वजनिक वितरण प्रणालीको व्यवस्था गर्ने।

३. गुणस्तरीय, रोजगारमूलक, व्यवसायिक र प्राविधिक शिक्षामा जोड दिदै सङ्घीयताको मान्यताअनुरूप शिक्षालाई जनताको पहुँचभित्र राख्न सामुदायिक शिक्षा प्रणालीलाई प्रभावकारी बनाउने। निजी विद्यालयहरूमा अभिभावकहरूलाई चर्को आर्थिक भार पर्न नदिने। संविधानबमोजिम मातृभाषामा शिक्षाका लागि आवश्यक व्यवस्था गर्ने । विश्व विद्यालयहरूलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्ने । पदोन्नति प्रणालीलाई व्यवस्थित गर्न विश्वविद्यालय ऐनमा सुधार गर्ने ।

४. स्वास्थ्यमा जनताको सरल र सहज पहुँच स्थापित गर्न आधारभूत स्वास्थ्य केन्द्र र अस्पतालहरूलाई विस्तार गरी स्वास्थ्य सेवालाई जनताको घरदैलोमा पुयाउने। प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने। स्वास्थ्य बिमाको पहुँचलाई विस्तार गर्ने। राज्यको नीतिविपरीत मेडिकल कलेजहरूलाई दिइएका सम्बधनको पुनराबलोकन गर्ने। चिकित्सा शिक्षाको नियामक निकायलाई प्रभावकारी बनाउने।

५. कोभिड-१९को विश्वव्यापी प्रकोपका कारण देशमा उत्पन्न बेरोजगारको समस्यालाई हल गर्ने। वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन कुटनीतिक संयन्त्र परिचालन गर्ने । मजदुर, किसान, बौद्धिक पेसाकर्मी लगायतका श्रमजीवी वर्गको श्रमको सम्मानका साथै रोजगारका लागि ठोस नीति बनाउने। शैक्षिक बेरोजगारलाई प्रमाणपत्र धितो राखी दिइने ऋण सहजरूपमा उपलब्ध गराउने।

६. सहकारी क्षेत्रलाई गरिवी उन्मूलन र रोजगार प्रवर्द्धनको क्षेत्रको रूपमा राज्यले प्राथमिकता दिने। गरिवीको रेखामुनि रहेका जनतालाई परिचयपत्र प्रदान गरी खाद्य, शिक्षा, स्वास्थ्य, आवास, सीप विकास र रोजगारीको कार्यक्रम बनाउने ।

७. आधुनिक प्रविधिसँग देश विकास प्रक्रियालाई आवद्ध गर्ने । मुलुकको सामाजिक रूपान्तरण र आधुनिकीकरणका लागि विज्ञान-प्रविधिको अधिकतम उपयोग गर्ने। मानव जीवन सहज र उत्पादनमुखी बनाउन विद्यालयदेखि विश्वविद्यालयसम्म विज्ञान र प्रविधिको अध्ययन, अनुसन्धान र शिक्षालाई उच्च प्राथमिकता दिने।

८. लोककल्याणकारी राज्यको मान्यताअनुरूप समाजका जेष्ठ नागरिक, असहाय, अशक्त, अपाङ्गता भएका व्यक्ति, एकल महिला तथा विपन्न व्यक्तिहरूका साथै दलित, उत्पीडित तथा पिछडिएको वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत तथा लोपोन्मुख समुदायलाई दिइएको सामाजिक सुरक्षाको दायरालाई विस्तार गर्ने । अपाङ्गता भएका व्यक्तिलाई रोजगारमूलक तालिम दिने।

९. सहरी विकासका पूर्वाधारको निर्माण तथा विकास आयोजनाहरू कार्यान्वयन गर्दा वातावरण मैत्री बनाउने तथा साँस्कृतिक सम्पदामा असर पर्न नदिने। जनतालाई आवश्यक सेवा पुर्याउन असुरक्षित र छरिएर रहेका ग्रामीण वस्तीहरू सुरक्षित र सुविधासम्पन्न स्थानमा स्थानान्तरण गर्ने। काठमाडौं उपत्यकामा खानेपानी आपूर्तिका लागि मेलम्ची खानेपानी आयोजनालाई शीघ्र मर्मत संभार गरी पुनः संचालनमा ल्याउने। खानेपानी नपुगेका ग्रामीण बस्तीहरूमा स्वच्छ खानेपानी पुयाउने।

१०. महिला विरुद्धका सम्पूर्ण विभेदकारी कानून, पितृसत्तात्मक परम्परागत मान्यता र व्यवहारको अन्त्य गरी लैङ्गिक समतामूलक समाज निर्माण गर्ने। महिला विरुद्धका सबै विभेदहरूलाई समाप्त गर्दै बलात्कार, घरेलु हिंसा, एसिड आक्रमण र बेचबिखनजस्ता अपराध गर्नेलाई कडा कारवाही गर्ने। यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको अधिकार सुनिश्चित गर्ने।

११. "युवाको अधिकार शिक्षा र रोजगार"को अवधारणालाई व्यावहारिक रूप दिने । ऊर्जाशील युवा जनशक्तिलाई विदेश पलायन हुनबाट रोक्न कार्यक्रम ल्याउने। खेलकुदलाई उद्योगको रूपमा विकास गर्ने र अन्तर्राष्ट्रिय स्तरको खेलकुद पूर्वाधार निर्माण तथा खेलकुद पर्यटनको विकास गर्ने ।

१२. सबै समुदायको भाषा, लिपि, संस्कृति, सभ्यता र सम्पदाको संरक्षण र संवर्द्धन गर्ने। जाति, भाषा, धर्म र संस्कृतिको आधारमा गरिने सबै प्रकारका भेदभावको अन्त्य गर्ने । नेपाललाई जातीय छुवाछुतमुक्त राष्ट्र घोषित गरिसकेको सन्दर्भमा जातपातजन्य विभेद अन्त्यका लागि प्रभावकारी कदम चाल्ने।

२.८ तात्कालिक राहत, पुनःनिर्माण र पुनर्स्थापन

१. कोभिड-१९, बाढी, पहिरो, डुवान तथा अन्य विपत पिडित परिवारलाई उद्धार तथा राहत प्रदान गर्ने । प्रभावित र विस्थापितहरूको पुनःस्थापना गर्ने तथा विपद जोखीम न्यूनीकरण तथा व्यवस्थापनलाई प्रभावकारी पार्ने।

२. सहीद तथा वेपत्ता परिवार र द्वन्दपीडित एवम् विस्थापितलाई राहत, पुनःस्थापना र सहायताका लागि आवश्यक व्यवस्था मिलाउने।

३. विभिन्न आन्दोलनमा घाइते भई उपचार नपाएकाहरूको यथोचित उपचारको व्यवस्था गर्ने, अङ्गभङ्ग भएकाहरूलाई क्षतिपूर्ति र परिवारका कम्तिमा एक जना सदस्यलाई रोजगारीको व्यवस्था गर्ने ।

४. बढ्दो महँगी, कालोबजारी, मिसावट तथा कृत्रिम अभाव नियन्त्रण गरी खाद्यान्न, पेट्रोलियम पदार्थलगायत जनताका अत्यावश्यक दैनिक उपभोग्य वस्तु तथा सेवाको सहज र सुलभ आपूर्तिको व्यवस्था गर्ने। दुर्गम क्षेत्रमा नून, चिनी, चामल, औषधी, बिउ, मल लगायत अत्यावश्यकीय वस्तुहरू अभाव हुन नदिने।

५. सिन्धुपाल्चोक, मनाङ, लमजुङ, गोरखा , बाजुरा, र सप्तरी लगायतका बाढी पहिरो र डुवान प्रभावित क्षेत्रका जनतालाई राहत तथा पुनर्स्थापन गर्ने। तराई मधेसमा डुवानको जोखिम क्षेत्रहरूमा नदी नियन्त्रण र पुनर्निर्माणको कामलाई प्राथमिकता दिने।

६. कर्णाली प्रदेशलगायत मानव विकास सूचकाङ्क कम भएका अन्य क्षेत्रहरुमा गर्भवती तथा सुत्केरी महिला र कुपोषण प्रभावित बालबालिकालाई न्यूनतम पोषणका कार्यक्रम प्रभावकारी बनाउने ।

७. ग्रामीण क्षेत्रमा आकस्मिक दुर्घटना, वाढी पहिरो, प्राकृतिक प्रकोप जस्ता विपतको समयमा सेवा प्रदान गर्न एयर एम्बुलेन्सको व्यवस्था गर्ने ।

८. राष्ट्रिय पुनर्निमाण प्राधिकरण अन्तर्गत सम्पन्न हुन बाँकी रहेका कार्यहरुलाई शीघ्र सम्पन्न गर्ने।

२.९ पर्यावरणीय सन्तुलन

१. वन, वातावरण र नदी नियन्त्रणका कार्यक्रमलाई प्राथमिकता दिने। चुरे र शिवालिक पर्वत श्रृंखलाको संरक्षणका लागि सञ्चालित चुरे संरक्षण कार्यक्रमलाई प्रभावकारी बनाई तराई मधेसको मरुभूमीकरण रोक्ने।

२. पर्यावरणमा समस्या उत्पन्न हुने गरी मुनाफाका लागि प्राकृतिक स्रोत साधनको दोहन हुन नदिने। चुरे क्षेत्रको उत्खनन गरी ढुङ्गा गिट्टी, बालुवा निर्यात गर्ने कार्यलाई रोक लगाउने। जनताको पर्यावरणीय अधिकार तथा जैविक विविधता संरक्षण गर्न ठोस कदम चाल्ने।

३. ठूला नदीको बहुउद्देश्यीय उपयोग र एकीकृत विकासको नीति लागू गर्ने र वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) को आधारमा कार्यान्वयन गर्ने।

४. विश्वमा तीब्र गतिले बढिरहेको औद्योगिकीकरण, जैविक, रासायनिक तथा आणविक हतियारको होड र त्यसबाट उत्पन्न हुने विकिरणयुक्त पदार्थ, हरित गृह, जलवायु प्रदुषण आदिका कारण हुने तापमान वृद्धिले निम्त्याउने विनाशकारी डढेलो, उष्ण वायु, आँधी, तुफान, चक्रवात, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो, डुवान, हिमपहिरो, सुख्खा जस्ता प्राकृतिक विपदको जोखिम अन्त्यका लागि अन्तर्राष्ट्रिय रूपमा सहकार्य गर्ने र क्षमता तथा आवश्यकताअनुसार नेतृत्व लिने।

५. पृथ्वीमा बढ्दो तापमान तथा जलवायु परिवर्तनको कारण जनताको जीवनमा पर्ने असर र जोखिमहरूलाई न्यूनीकरण गर्नका लागि आवश्यक सतर्कता अपनाउने।

६. विकासका कार्य पर्यावरणमैत्री, सन्तुलित र न्यायोचित ढङ्गले अगाडि बढाउने ।

२.१० अन्तर्राष्ट्रिय सम्बन्ध

१. देशको राष्ट्रिय स्वाधीनता र राष्ट्रिय हितलाई रक्षा गर्ने। भूपरिवेष्ठित देशको अधिकार सुनिश्चित गर्ने, ठूला र साना देशहरूबिच सार्वभौमसमानताको आधारमा व्यवहार हुने तथा एक अर्काको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने नीतिको पक्षपोषण गर्ने ।

२. संयुक्त राष्ट्र सङ्घको वडापत्र, असंलग्नता र पञ्चशीलका सिद्धान्त, विश्व शान्ति एवम् अन्तराष्ट्रिय कानूनका सिद्धान्तका आधारमा परराष्ट्र नीति सञ्चालन गर्ने ।

३. शान्ति, स्थिरता, आर्थिक रुपान्तरण र जनताको समृद्धिका लागि पारस्परिक हित र लाभका आधारमा छिमेकी लगायत विश्वका सबै मित्र राष्ट्रहरुसँगको मैत्रिपुर्ण सम्बन्धलाई थप सुदृढ बनाउने। आपसी सहयोगका क्षेत्रहरु विस्तार गरी सहकार्य र अन्तरआवद्धतालाई बढावा दिने।

४. परराष्ट्र सम्बन्ध सञ्चालनमा राष्ट्रिय सहमति कायम गर्ने।

यस साझा न्यूनतम कार्यक्रमलाई कार्यान्वयन गर्नका लागि सरकारले राष्ट्रिय सहमतिको पहल गर्नेछ।

# प्रदेश प्रमुख डा.अहिराजद्वारा आठै जिल्लामा स्थलगत भ्रमण

जनकपुरधाम । प्रदेश नं. २ का प्रदेश प्रमुख डा.राजेश अहिराज अहिले प्रदेश २ को आठवटै जिल्लामा 'शिरमा देश, मनमा मधेश' नारासहित भ्रमण गरेका छन् ।

प्रदेश प्रमुख डा.अहिराजले सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा पुगेर स्थलगत भ्रमणगरेका हुन् । उनी यो अभियानअन्तर्गत सीमाको रक्षा, नागरिकता, नागरिकको रक्षा लगायत सम्झौताको विषय नरहेको भन्दै नागरिक समाजका अगुवा, सञ्चारकर्मी तथा सुरक्षा निकायका पदाधिकारीहरुसँग अन्तरक्रिया गरेका थिए । 'शिरमा देश मनमा मधेश' भन्ने नारासहित आठवटै जिल्ला प्रमुख अधिकारी, सञ्चारकर्मी र सरोकारवालासँग प्रदेश प्रमुख डा.अहिराजले जिल्लाको समग्र वस्तुस्थितिको जानकारी लिए ।

कोरोनाको कहरबारे नागरिकको जीवन, स्वास्थ्य, शिक्षा, सीमाको सुरक्षा, राष्ट्रियता र रास्ट्रिय एकता बलियो बनाउन र नागरिकलाई राज्यसँग जोड्न विशेष पहल गर्ने उद्देश्यसहित उनले जिल्ला-जिल्लामा पुगेर अवलोकन गरेका थिए । साथै उनले पत्रकार, सुरक्षाकर्मी र सरोकारवालालाई नेपालको झण्डा अंकित लोगो पनि लगाइदिएका थिए ।



सप्तरी भ्रमणको क्रममा राजविराजमा सरोकारवाला पक्षहरुसँग अन्तरक्रिया गर्दै प्रदेश प्रमुख डा.राजेश अहिराज ।



नेपाल पत्रकार महासंघ सप्तरीद्वारा प्रदेश प्रमुख डा.राजेश अहिराजलाई स्वागत ।



सद्भावना पार्टीका संस्थापक नेता स्व. गजेन्द्रनारायण सिंहको शालिकमा माल्यार्पण ।



सिरहाका प्रमुख जिल्ला अधिकारी प्रदेश प्रमुख डा.अहिराजलाई स्वागत गर्दै ।



उद्योग वाणिज्य संघ सिरहाका अध्यक्ष हरिशंकर साहद्वारा गम्छा ओढाएर सम्मान ।



रैथाने एकता समाज नेपालबाट ज्ञापनपत्र ग्रहण गर्दै प्रदेश प्रमुख ।



प्रेस स्वतन्त्रता सेना तथा वरिष्ठ पत्रकार राजेश्वर नेपालीसँग भेट ।



सप्तरीमा रहेको छिन्नमसता मन्दिरमा दर्शन गर्दै ।


- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासायनिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. २, धनुषा, नेपाल

इमेल : malcprovince2@gmail.com


## संक्षिप्त समाचार

### 'निःशुल्क परामर्श तथा सहयोग केन्द्र' स्थापना

सर्लाही । जनता समाजवादी पार्टी नेपालनिकट राष्ट्रिय विद्यार्थी संघका अध्यक्ष मनिष मिश्रले सर्लाही जिल्लाको रामनगर गाउँपालिकामा "निःशुल्क परामर्श तथा सहयोग केन्द्र" गरेका छन् । विद्यार्थी नेता मिश्रले सोमबारदेखि रामनगर गाउँपालिकाभित्रका जनसमुदायलाई सरकारी कामकाजका लागि निःशुल्क परामर्श तथा सहयोग उपलब्ध गराउने भएका छन् । उनले भने, 'रामनगर गापा भित्रका जनसमुदायलाई सरकारी कागजातहरू जस्तैः नागरिकता, मतदाता परिचयपत्र, विवाह दर्ता, मृत्युदर्ता आदी तयार पार्न सहजीकरण स्वरूप "निःशुल्क परामर्श तथा सहयोग केन्द्र" को स्थापना गरेको छु ।' साथै उनले सम्पूर्ण जनसमुदायलाई आवश्यक सहयोग लिन आग्रह पनि गरेका छन् ।

### कटुवा पेस्तोल र भरुवा बन्दुकसहित पक्राउ

बाँके । नरैनापुर गाउँपालिका-६ दोन्द्रागाँउबाट १ थान कटुवा पेस्तोल, १ थान एकनाले भरुवा बन्दुक र उक्त भरुवा बन्दुकमा लाग्ने ३ थान छर्रा सहित सोही ठाउँ बस्ने ५० वर्षीय छोटेलाल राढलाई प्रहरीले पक्राउ गरेको छ । बिहीबार साँझ हातहतियारको बिक्री भइरहेको भन्ने सूचनाको आधारमा लुम्बिनी प्रदेश प्रहरी अनुसन्धान समूह दाङबाट खटिएको प्रहरीले उनको साथबाट उक्त हतियार फेला पारी उनलाई पक्राउ गरेको हो ।

### जाली नोटसहित ३ जना पक्राउ

रौतहट । ईशनाथ नगरपालिका-४ कालिमन्दिर नजिकबाट ९ लाख ९३ हजार रुपैयाँ जाली नोट सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । आइतबार साँझ पक्राउ पर्नेहरूमा धनुषा बट्टेश्वर गाउँपालिका-४ बस्ने ३८ वर्षीय शत्रुधन वरई ठाकुर, महोत्तरी बर्दिवास नगरपालिका-९ बन्द्रा पशुपतिनगर बस्ने ३० वर्षीय रन्जित महतो र महोत्तरी भङ्गाह नगरपालिका-४ प्रेमनगर बस्ने २५ वर्षीय दिपेन्द्र कुमार महतो रहेका छन् । भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनीहरुलाई प्रहरी चौकी मठियाबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा नेपाली रुपैयाँ १ हजार दरको उक्त जाली नोट सहित फेला पारी पक्राउ गरेको हो ।

### प्रहरीमाथि अभद्र व्यवहार गर्ने २ जना पक्राउ

कपिलवस्तु । बिजयनगर गाउँपालिका-१ गौरिघाटस्थित सडकमा ड्युटी खटिएको प्रहरी कर्मचारीमाथि अभद्र व्यवहार गरेको अभियोगमा २ जनालाई सोमबार बिहान प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही गाउँपालिका-५ बस्ने २२ वर्षीय कृष्ण बहादुर न्यौपाने र सोही गाउँपालिका-४ बस्ने २८ वर्षीय प्रेम बहादुर सुनार रहेका छन् । लु.१७ प ३५०५ र लु. २२ प ८६७८ नम्बरको मोटरसाइकलमा भारतबाट अवैध रुपमा करिब ६१ हजार ५ सय रुपैयाँ मूल्य बराबरको कुखुरा ल्याउँदै गरेका उनीहरूलाई अस्थाई प्रहरी पोष्ट खडैचाबाट खटिएको प्रहरीले जाँच गर्नेक्रममा प्रहरीमाथि हातपात गरी अभद्र व्यवहार गरेपछि उनीहरूलाई पक्राउ गरेको हो ।

### पानी ट्यांकीमा डुबेर बालिकाको मृत्यु

बाँके । कोहलपुर नगरपालिका-११ कृषिचोक बस्ने बढैयाताल गाउँपालिका-१ शान्तिपुर घर भएका ओम प्रकाश शर्माकी २९ महिनाकी छोरीको डुबेर मृत्यु भएको छ । रिना शर्माको सोही ठाउँस्थित बसन्ती अधिकारीको घरभित्रको पानी ट्याङ्कीमा डुबेर सोमबार मृत्यु भएको छ । उक्त ट्याङ्कीमा खसेर डुब्दा अशक्त भएकी उनको उपचारको लागि मेडिकल कलेज कोहलपुरतर्फ लैजानेक्रममा बाटोमै मृत्यु भएको हो ।

### मोरङमा डुबेर एक महिलाको मृत्यु

मोरङ । सुनबर्षी नगरपालिका-९ बस्ने ४५ वर्षीय पतला सहनीको डुबेर मृत्यु भएको छ । सोही ठाउँस्थित माछा पोखरीमा नुहाउने क्रममा डुबेर शनिबार दिउँसो मृत्यु भएको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### हात्तीको दाँतसहित ३ जना पक्राउ

बाँके । बैजनाथ गाउँपालिका-६ सम्झना चोकबाट हात्तीको जस्तो देखिने २ वटा दाँत सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा दाङ बबई गाउँपालिका-५ बस्ने ५० वर्षीय दल बहादुर सुनार, बर्दिया बाँसगढी नगरपालिका-३ बस्ने ८५ वर्षीय टिकाराम सुनार र सोही ठाउँ बस्ने ४८ वर्षीय धन बहादुर सुनार रहेका छन् । उक्त चोकमा अवैध वन्यजन्तुका अंगको खरिद बिक्री भइरहेको भन्ने सूचानाको आधारमा जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा दलबहादुरले बोकेको झोलाभित्र लुकाइ राखेको अवस्थामा उक्त दाह्रा फेला पारी उनीहरुलाई पक्राउ गरेको हो ।

### कैलालीमा ब्राउनसुगरसहित दुई जना पक्राउ

कैलाली । धनगढी उपमहानगरपालिका-३ मायामेट्रो अस्पतालबाट ४ सय २० मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा गोदावरी नगरपालिका-४ बस्ने २३ वर्षीय रमेश विक र सोही ठाउँ बस्ने २३ वर्षीया चन्द्रा विक रहेका छन् । मोटरसाइकल दुर्घटनामा घाइते भई उक्त अस्पतालमा उपचाररत भएका २४ वर्षीय किसोर जोशीलाई उनीहरुले ब्राउनसुगर दिई रहेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले उनीहरुको साथबाट उक्त ब्राउनसुगर सहित फेला पारी पक्राउ गरेको हो ।

### आगलागीबाट विभिन्न धनमाल जलेर नष्ट

पर्सा । पटेर्वासुगौली गाउँपालिका-१ बैरिया बस्ने सुकदेव साह तेलीको घरमा लामखुट्टे धपाउन बालेको घुरबाट शुक्रबार बिहान आगलागी हुँदा अन्नपात्त, लत्ताकपडा, चौपाया, २ वटा साईकल र घर समेत जलेर करिब ४ लाख रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ । साथै आगो निभाउने क्रममा जलेर घाइते भएका ५० वर्षीय सुकदेव साह तेली र उनकै श्रीमती ४५ वर्षीया प्रमिला देवी साहको स्थानीय मेडिकलमा उपचार भइरहेको छ । प्रहरी र स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### चोरीपैठारीको लत्ताकपडा बरामद

रुपन्देही । जिल्लाको सिद्धार्थनगर नगरपालिका ११ बाईपास ईलाकाबाट सशस्त्र प्रहरीले करिब २ लाख रुपैयाँ बराबरको चोरीपैठारीको लत्ताकपडा बरामद गरेको छ । भारतबाट अबैध रुपले ल्याउँदै गरेको उक्त लत्ताकपडा सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट डण्डाबाट खटिएको सशस्त्र प्रहरीले बरामद गरेको हो । बरामद लत्ताकपडा भन्सार कार्यालय बेलहियामा बुझाईएको छ ।

### बालिकालाई जबरजस्ती करणी गर्ने पक्राउ

मोरङ । ८ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा एक युवक पक्राउ परेका छन् । केराबारी गाउँपालिका-१ पाटिगाउँ बस्ने २७ वर्षीय सूर्य कुमार राईलाई आइतबार साँझ प्रहरीले पक्राउ गरेको छ । राईले गत बिहीबार ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय केराबारीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

### सुन र चाँदीका गहनासहित १ जना पक्राउ

पर्सा । जगरनाथपुर गाउँपालिका-२ स्थित सडकबाट १४ ग्राम ४ सय मिलिग्राम सुन जस्तो देखिने धातुबाट बनेको तयारी गहना र १ किलो ९ सय ७० ग्राम चाँदीको जस्तो देखिने धातुबाट बनेको तयारी गहनासहित एक जना पक्राउ परेका छन् । सोही ठाउँ बस्ने १९ वर्षीय सोनु कुमार सोनारलाई आइतबार बिहान प्रहरीले पक्राउ गरेको छ । भारतबाट अवैध रुपमा सुन तथा चाँदीका गहनाहरु ल्याउँदै गरेको सूचना प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय पोखरियाबाट खटिएको प्रहरीले शंकास्पद रूपमा पैदल हिँडिरहेका उनलाई जाँच गर्दा झोलाभित्र लुकाई ल्याएको सुन र चाँदीको जस्तो देखिने उक्त धातु सहित पक्राउ गरेको हो ।

### मोटरसाइकलको ठक्करबाट साइकलयात्रीको मृत्यु

कैलाली । बर्दगोरिया गाउँपालिका-१ टिनबजारस्थित सडकमा से.७ प ८०२ नम्बरको मोटरसाइकलको ठक्करबाट साईकलयात्री सोही गाउँपालिका-१ उत्तरमुडा बस्ने ७२ जगत बहादुर साउदको मृत्यु भएको छ । आइतबार साँझ ठक्करबाट गम्भीर घाइते भएका उनको बर्दगोरिया अस्पताल प्रालि बौनिया कैलालीमा उपचारको क्रममा मृत्यु भएको हो । साथै घाइते भएका मोटरसाइकलमा सवार मोहन्याल गाउँपालिका-३ सल्लेरी बस्ने १६ वर्षीय दुर्गा बोगटीलाई सोही अस्पताल हुँदै थप उपचारको लागि मेडिकल कलेज कोहलपुर बाँके रिफर गरिएको छ । फरार मोटरसाइकल चालकको प्रहरीले खोजी गरिरहेको छ ।

### गाडीमा एक महिलाको मृत्यु

रौतहट । चन्द्रपुर नगरपालिका-१ नुनथर नहरमा ना.५ च ३१६६ नम्बरको गाडी अनियन्त्रित भई सडकबाट करिब ५० मिटर तल पानीमा खसेर सोमबार बिहान दुर्गटना हुँदा गाडीमा सवार गढिमाई बस्ने ४५ वर्षीया मिना देवी कोईरीको मृत्यु भएको छ । दुर्घटनामा घाइते भएका गाडीमा सवार ९ जनामध्ये ८ जनालाई मोडल अस्पताल सर्लाही र १ जनालाई जिल्ला अस्पताल चपुर पठाइएको छ । घटनास्थलमा तत्काल जिल्ला प्रहरी कार्यालय, ईलाका प्रहरी कार्यालय चपुरर प्रहरी चौकी पौराईबाट खटिएको प्रहरीले दुर्घटनामा परेका ८ जनालाई सकुशल उद्धार गर्नुका साथै बेपत्ता भएकी सोही ठाउँ बोधीवन बस्ने ६५ वर्षीया सुनरी देवी मुखियाको खोजी गरिरहेको छ । गाडी चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### महिलालाई अभद्र व्यवहार गर्ने पक्राउ

मोरङ । ६२ वर्षीया महिलालाई अभद्र व्यवहार गरेको अभियोगमा रंगेली नगरपालिका-२ भण्डारी टोल बस्ने २२ वर्षीय शुरा रिषिदेवलाई शनिबार साँझ प्रहरीले पक्राउ गरेको छ । ती महिलालाई रिषिदेवले अभद्र व्यवहार गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी बवियाबिर्ताबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

स्थानीय सम्वाद्

# दरबार त काठमाडौंमै छ, सबै सिंहहरू गाउँ–गाउँमा आइसके



## विजय शंकर प्रसाद साह

### मेयर, सबैला नगरपालिका, धनुषा

**० तपाईंको कार्यकालको यो अन्तिम वर्ष हो, जनताले स्थानीय सरकारको अनुभूति गर्न पाएका छन् त ?**

– करिब दुई दशकपछि स्थानीय तहमा जनप्रतिनिधि निर्वाचित भएर आएका छन्। यो नयाँ संरचना पनि हो। तर जनतालाई स्थानीय सरकारको अनुभूति दिलाउनु जनप्रतिनिधिको काम हो। कतिपय जनप्रतिनिधिलाई थाहै छैन कि उ केका लागि निर्वाचित भएर आएका छन्। जनतालाई धेरै अपेक्षा र आशा थियो कि स्थानीय निर्वाचनपछि जनतालाई धेरै सुविधा हुनेछ। अहिलेसम्म हाम्रो आफ्नो कार्यालय पनि छैन। अब हाम्रो कार्यकालको करिब ६ महिना जति समय बाँकी छ तर अहिलेसम्म हामीले चाहिने जति कर्मचारी पनि पाएका छैनौं। यो सबैला नगरपालिका जनकपुरधाम उपमहानगरपालिकापछिको सबभन्दा ठूलो हो। तर आजसम्म हामीले व्यवस्थित गर्न सकेका छैनौं।

**० भनेपछि स्थानीय चुनावपछि 'सिंहदरबार गाउँ-गाउँमा' भन्ने कुराको जनताले अनुभूति गर्न पाएका छैनन् ?**

– स्थानीय चुनावपछि 'सिंहदरबार गाउँ-गाउँमा' भनिएको थियो तर दरबार त काठमाडौंमै छ र सबै सिंहहरु गाउँ-गाउँमा आइसकेका छन्।

**० तपाईंहरु सिंह हुनुहुन्छ ?**

– होइन, सिंह बनेका छौं, हाम्रा केही साथीहरु। कतिपय वडाध्यक्ष, उपमेयर, मेयरहरुले आफूलाई राजा ठानेका छन्। जनताले आफ्नो कामका लागि जनप्रतिनिधिसमक्ष जाँदा उहाँहरु भन्नुहुन्छ कि तपाईंले मलाई भोट नै दिनुभएको छैन अनि कसरी काम गर्ने भन्छन्। त्यस्ता मान्छेहरु सबै पालिकाहरुमा छन्। चुनाव जितेर आइसकेपछि कुनै विशेषको नेताको रुपमा मात्र काम गर्नुभएन, सबै जनताका लागि काम गर्नुपर्छ।

**० त्यसो हो भने जनताले सिंहदरबार गाउँ-गाउँमा भन्ने कुराको अनुभूति गर्न पाएनन् ?**

– केही जनप्रतिनिधि र संघीय सरकारका कारण जनताले सिंहदरबार गाउँ-गाउँमा अनुभूति गर्न पाएनन्। अहिले पनि संघीय सरकारले सम्पूर्ण अधिकारहरु काठमाडौंमै राखेको छ। नाम मात्रको लागि सिंहदरबार गाउँ-गाउँमा गएको छ। अहिलेसम्म शिक्षा ऐन बनेको छैन। प्रशासकीय अधिकृत केन्द्रले नै राख्ने गरेको छ। त्यसलाई ४/५ महिनामा सरुवा गरिरहन्छ।

**० संघीय र प्रदेश सरकारसँग कतिको सहकार्य हुन्छ ?**

– स्थानीय, प्रदेश र संघीय सरकारले सहकार्य र समन्वय गरी काम गर्ने भन्ने कुरा कागजमा मात्रै सीमित छ। स्थानीय तहसँग प्रदेश र संघीय सरकारको कुनै सरोकार छैन। एउटै योजनाका लागि संघ, प्रदेश र स्थानीय सरकारबाट पैसा निकासा भइरहेको हुन्छ।

**० प्रदेश सरकारका योजनाहरु कस्ता छन् ?**

– प्रदेश सरकारले सञ्चालन गरेको बेटी पढाउ, बेटी बचाउ कार्यक्रम प्रशंसनीय हो। यो कार्यक्रमअन्तर्गत हाम्रो नगरपालिकामा पनि साइकल वितरण गरिएको छ। तर कार्यक्रम राम्रो भएर मात्रै हुँदैन, जनचेतनाको पनि आवश्यकता छ। किनभने हाम्रो मधेशमा जनचेतनाको धेरै कमी छ। अहिले पनि ग्रामीण भेगमा कतिपयले आफ्ना छोराछोरीको बालविवाह गरिरहेका छन्। बालविवाह सबभन्दा ठूलो समस्या हो।

**० तपाईंले आफ्नो कार्यकालमा स्मरणीय के-कस्ता कामहरु गर्नुभएको छ ?**

– हामीले शिक्षा र स्वास्थ्यमा धेरै सुधार गरेका छौं। बाटोघाटोको अवस्था धेरै राम्रो भइसकेको छ। एक दिनमा न त अमेरिका बनेको छ न त हिस्दूस्तान बनेको छ। बन्नका लागि धेरै समय लाग्छ। हामी यो प्रयासमा छौं कि एउटा आधार निर्माण गरेका छौं। यसपछि जो पनि जनप्रतिनिधिको रुपमा आउँछन्, उसले यही कामहरुलाई निरन्तरता दिइयो भने विकास र समृद्धि हासिल हुन्छ। हाम्रो देशमा संघीयता कार्यान्वयनको चरण रहेको छ। हामी जनप्रतिनिधिको रुपमा निर्वाचित भएर आउँदा केही पनि पूर्वाधार थिएन। हामीले शून्यबाट सुरु गर्नुपर्ने अवस्था थियो। तर आगामी दिनमा यदि जनप्रतिनिधिले कस्तो काम गर्छ, त्यसमा भर पर्छ।

**० आगामी चुनावमा तपाईंको के योजना छ ?**

– अब आगामी दिनमा मैले के गर्ने भन्दा पनि पार्टीले कुन जिम्मेवारी दिन्छ त्यसमा भर पर्ने कुरा हो। एउटा पार्टीको कार्यकर्ता भइसकेपछि हामी आफ्नो इच्छाले केही गर्न सक्दैनौं। यदि पार्टीले प्रदेश वा संघमा पठाउँछ भने त्यसलाई स्वीकार गर्छु, होइन पालिकामै बस्नुस् भन्छ, त्यो पनि स्वीकार्य छ।

**० तपाईं यदि फेरि सबैलाको मेयरमै चुनाव लड्नुभयो भने जनताले विश्वास गर्छ ?**

– यदि पार्टीले मलाई फेरि मेयरकै लागि पठायो भने पहिलेभन्दा राम्रो अवस्था हुन्छ। अहिले यो नगरपालिकामा नेपाली कांग्रेसको एउटा मेयर र दुईवटा वडाअध्यक्ष मात्रै छन्। यहाँ जम्मा १३ वटा वडा छन्। तर आउने समयमा कांग्रेसले यस पालिकामा ८/९ वटा वडामा जित्छ, मेयर, उपमेयर पनि जित्छ। म यो कार्यकालभित्र कांग्रेसको लागि बलियो जनाधार तयार भइसकेको छ।

# ४ सय ४९ ग्राम ७७ मिलिग्राम सुनसहित ३ जना पक्राउ

कैलाली। गोदावरी नगरपालिका-१ अत्तरियाबाट ४ सय ४९ ग्राम ७७ मिलिग्राम सुन र नगद ४९ हजार ५ सय रुपैयाँ सहित ३ जनालाई बुधबार बिहान प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा कंचनपुर शुक्लाफाँटा नगरपालिका-८ फुलैली बस्ने ३५ वर्षीय भवानी घिमिरे, कैलाली गोदावरी नगरपालिका-१ अत्तरिया बस्ने शैलेश्वर सुनचाँदी पसलका संचालक ३१ वर्षीय समिर सिजापती र सोही सुनचाँदी पसलमा काम गर्ने सुनसरी रामधुनी नगरपालिका-३ सिंगिया घर भएका २६ वर्षीय राजु बिक रहेका छन्। अत्तरियास्थित सडकमा काठमाडौंबाट महेन्द्रनगरतर्फ जाँदै गरेको ना.८ ख ८३४९ नम्बरको बसलाई सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय अपराध अनुसन्धान समूह र ईलाका प्रहरी कार्यालय मालाखेतीबाट खटिएको संयुक्त प्रहरी टोलीले जाँच गर्ने क्रममा बसका सहचालक भवानीको साथबाट ४९ ग्राम ९५ मिलिग्राम सुनको बाला तथा नगद २६ हजार २ सय रुपैयाँ र बसमा सवार राजुको साथबाट ३ सय ४९ ग्राम ८७ मिलिग्राम सुन तथा नगद ६ हजार ९ सय ५ रुपैयाँ फेला पारी पक्राउ गरेको थियो। प्रारम्भिक सोधपुछको क्रममा भवानीले ल्याएको सुनको २ वटा बालामध्ये १ वटा सुनको बाला समिरलाई दिएको भन्ने खुल्न आएपछि सोही स्थानमा सुन लिन पुगेका समिरलाई ४९ ग्राम ९५ मिलिग्राम सुनको बाला र नगद १६ हजार ३ सय रुपैयाँ सहित पक्राउ गरेको हो। उनीहरुलाई बरामद सुन र नगद सहित थप अनुसन्धान तथा आवश्यक कानुनी कारवाहीका लागि राजश्व अनुसन्धान कार्यालय कोहलपुर पठाइने जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको छ।

# विनम्र बन्नुस् तर कमजोर नबन्नुस् : प्रहरी महानिरीक्षक

मोरङ। प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले आफ्नो जिम्मेवारी वहन गर्दै कर्तव्य पालनाको शिलशिलामा विनम्र बन्ने तर कमजोर नबन्न निर्देशन दिनुभएको छ।

१ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगरको बुधबार अवलोकन भ्रमणको क्रममा १ नम्बर प्रदेश प्रहरी प्रमुख तथा १४ वटै जिल्लाका प्रहरी प्रमुखहरुलाई निर्देशन दिनु हुँदै प्रहरी महानिरीक्षक थापा क्षेत्रीले उक्त कुरा बताउनु भएको हो।

प्रहरी महानिरीक्षक थापा क्षेत्रीले फरार अपराधीहरुको खोजतलास र पक्राउ गर्न, पुराना पेण्डिङ अपराधका मुद्दाहरुलाई प्राथमिकतामा राखी फछ्र्यौट गर्न र हिरासत व्यवस्थापनतर्फ विशेष ध्यान दिन उल्लेख गर्दै लागूऔषध ओसारपसार रोकथाम तथा नियन्त्रण गर्न विशेष चनाखो हुनुपर्ने र महिला तथा बालबालिका माथि हुने हरेक घटनालाई गम्भीरता पूर्वक लिन समेत उहाँले उपस्थित प्रहरी कर्मचारीहरूलाई निर्देशन दिनुभयो।

प्रहरी कर्मचारीहरुको आचार संहिता सम्बन्धी कार्यादेश २०७७ को अक्षरस पालना गर्दै नागरिक मैत्री प्रहरीको अवधारणा अनुसार हरेक क्षेत्रका व्यक्तित्वहरुसँग समन्वय गरी शिष्ट व्यवहारका साथ नागरिकलाई छिटो छरितो एवं पारदर्शी प्रहरी सेवा उपलब्ध गराउने कार्यमा दत्तचित्त भएर लागि पर्न बताउँदै प्रहरी महानिरीक्षक थापा क्षेत्रीले अनुसन्धान पद्धतीलाई प्रविधीमैत्री, प्रमाण र परिणाममूखी बनाउँदै सुरक्षा व्यवस्था मिलाउन सशक्त रुपमा काम कारवाही गर्न समेत निर्देशन दिनुभयो। बाढी, पहिरो, डुवान लगायतका घटनामा उद्धार टोली र उद्धार सामग्रीहरु सहित तयारी अवस्थामा रहन तथा कोभिड-१९ को रोकथाम तथा नियन्त्रणतर्फ विशेष ध्यान दिई प्रहरी परिचालन गर्न समेत उहाँले निर्देशन दिनुभयो।

१ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार बिसीले समग्र प्रदेशको बारेमा प्रस्तुतीकरण गर्नुभएको उक्त कार्यक्रममा १ नम्बर प्रदेश ट्राफिक प्रहरी कार्यालय ईटहरी एवं जिल्ला प्रहरी कार्यालयका प्रमुखहरुले आ-आफ्नो जिल्लाको बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो। सोही अवसरमा प्रहरी महानिरीक्षक थापा क्षेत्रीले १ नम्बर प्रदेशका १४ वटै जिल्लाका प्रहरी प्रमुखहरूसँग अन्तर्क्रिया समेत गर्नुभएको थियो।

प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले बुधबार १ नम्बर प्रदेश प्रहरी तालिम केन्द्र विराटनगरको निरीक्षण गर्नुका साथै तालिम केन्द्रमा कार्यरत प्रहरी कर्मचारी एवं प्रशिक्षार्थीहरूलाई समसामयिक विषयमा निर्देशन दिनुभएको थियो। सोही अवसरमा तालिम केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक मिरा चौधरीले तालिम केन्द्रको गतिविधी सम्बन्धी विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो।

# कर्तव्य ज्यान मुद्दाका फरार अभियुक्त पक्राउ

रौतहट। कर्तव्य ज्यान मुद्दाका फरार अभियुक्त देवाही गोनाही नगरपालिका-७ बस्ने सोनफी पासवान भन्ने सोनफी हजरालाई बुधबार प्रहरीले पक्राउ गरेको छ। २०६८ असार २३ गते गौर नगरपालिका-८ मा उपेन्द्र दास बैरागी भन्ने उपेन्द्र यादवलाई गोली हानी हत्या भएको घटनामा संलग्न रही फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको प्रहरीले गौर नगरपालिका-५ स्थित सडकमा हिँडडुल गरिरहेको अवस्थामा फेला पारी पक्राउ गरेको हो। उनलाई आवश्यक कारवाहीका लागि जिल्ला अदालत रौतहटमा उपस्थित गराईएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

# प्रदेश २ लोक सेवा आयोगद्वारा अधिकृत सातौं तहको दरखास्त स्थगन

जनकपुरधाम। प्रदेश २ को प्रदेश लोक सेवा आयोगले अधिकृत सातौँ तहको दरखास्त स्थगन गरेको छ। आयोगको असार ३१ गते प्रकाशित विज्ञापन मध्ये प्रशासन सेवा, सामान्य प्रशासन समूहको अधिकृत सातौँ तहको रिक्त पदपूर्तिका लागि प्रकाशित बढुवा सूचना नं ८०/०७७-०७८ को विज्ञापनमा दरखास्त संकलन कार्य रोकेको हो। सर्वोच्च अदालतबाट साउन २० मा भएको अल्पकालीन अन्तरिम आदेश कार्यान्वयनका लागि आयोगको मंगलबारको निर्णयबाट बढुवा सूचनामा दरखास्त लिने समेतका सम्पूर्ण प्रक्रिया अर्को आदेश नभएसम्मका लागि स्थगन भएको आयोगले जनाएको छ।

# पर्सा जिल्ला प्रशासनद्वारा नियमित सेवा सुरु

वीरगञ्ज। जिल्ला प्रशासन कार्यालय पर्साले आइतबारदेखि नियमित सेवा प्रवाह गरेको छ। यसअघि स्थानीय तहअनुसार आलोपालो गरेर सेवा प्रदान गर्दै आएको प्रशासनले अब नियमित रुपमा सेवा प्रवाह गरेको हो।

कोरोना संक्रमण रोकथाम तथा नियन्त्रणका लागि पर्सामा वैशाख १६ गतेदेखि निषेधाज्ञा जारी गरिएको थियो। निषेधाज्ञाको समयमा जिल्ला प्रशासन कार्यालय लगायत सबै सरकारी कार्यालयले अत्यावश्यक सेवा बाहेकका सेवा बन्द गरेका थिए। असार ७ गतेदेखि भने प्रशासन लगायत अन्य सरकारी कार्यालयले पालिका अनुसार आलोपालो सेवा प्रवाह गर्दै आएका थिए।

आलोपालो प्रणालीमा सेवा प्रवाह गरे पनि जिल्ला प्रशासन कार्यालयमा नयाँ नागरिकता बनाउने, नागरिकताको प्रतिलिपि लिने र त्रुटि सच्याउन आउनेको भीड लाग्ने गरेको थियो।

नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो।

यसबाट बच्ने उपायहरू :

० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु।
० अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने।
० खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने।
० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने।
० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने।
० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने।
० ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने।
० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने।

लालकिशोर साह
नगरप्रमुख
जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २

नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो।

यसबाट बच्ने उपायहरू :

० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु।
० अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने।
० खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने।
० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने।
० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने।
० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने।
० ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने।
० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने।

हरिप्रसाद मण्डल
नगरप्रमुख
मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २

## विश्व परिवेश

# भारतमा हालसम्म ५२ करोड भन्दा बढी खोप प्रदान

भारतमा हालसम्म ५२ करोड भन्दा बढी खोप प्रदान गरिएको छ। बिहिबार बिहान ७ बजेसम्म को अस्थायी प्रतिवेदन अनुसार ५९ लाख ९७ हजार ६८ सत्र मार्फत ५२ करोड ३६ लाख ७१ हजार १९ खोप खुराक प्रदान गरिएको छ।

स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालय का अनुसार गत २४ घण्टामा ४४ लाख १९ हजार ६ सय २७ खोप खुराक प्रदान गरिएको छ।

देशव्यापी खोप अभियान को नँया चरण को सुरुवात जून महिनाको २१ तारिख देखि भएको थियो।

स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालय का अनुसार "केन्द सरकार सम्पुर्ण वयस्क जनताका लागि द्रुत गतिमा खोप प्रदान गर्न यथेष्ट प्रयास गरिरहेको छ।"

हाल देशको संक्रमण मुक्त दर हाल ९७.४५ प्रतिशत पुगेको छ। महामारी सुरु भएयता यो दर हालसम्म कै उच्च दर हो।

हालसम्म ३ करोड १२ लाख ६० हजार ५० जना निको भइसकेका छन्। गत २४ घण्टामा ३९ हजार ६९ जना संक्रमित विरामी निको भएका छन्।

गत २४ घण्टामा ४१ हजार १ सय ८५ जना नँया संक्रमित विरामी थपिएका छन्।

लगातार छयालीस दिन ५० हजार भन्दा कम नयाँ संक्रमित विरामी थपिएका हुन्। स्वास्थ्य मन्त्रालयका का अनुसार यो सबै केन्द्र सरकार राज्य र केन्द्र शासित प्रदेश को संयुक्त प्रयासको नतिजा हो।

देशको सक्रिय संक्रमित संख्या हाल ३ लाख ८७ हजार ९ सय ८७ पुगेको छ। हाल सो संख्या देशको कुल सकारात्मक संख्या को १.२१ प्रतिशत पुगेको छ।

हालसम्म देशमा ४८ करोड ७३ लाख ७० हजार १ सय ९६ वटा नमुना परीक्षण भइसकेको छ। गत २४ घण्टामा २१ लाख २४ हजार ९ सय ५३ वटा नमुना परीक्षण गरिएको छ।

यसका साथै देशको साप्ताहिक सकारात्मकता दर मा पनि कमी आउँदै गएको छ। हाल साप्ताहिक सकारात्मकता दर २.२३ प्रतिशत पुगेको छ र दैनिक सकारात्मक दर १.९४ प्रतिशत पुगेको छ।

लगातार ६६ दिन सो दर ५ प्रतिशत भन्दा कम मा कायम रहँदै आएको छ भने लगातार १७ दिन सो दर ३ प्रतिशत भन्दा कम मा कायम रहँदै आएको छ।

# लगानीकर्ता को बैठकलाई प्रधानमन्त्री मोदीले सम्बोधन गर्ने

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि गुजरातमा हुने लगानीकर्ता बैठकलाई सम्बोधन गर्नुहुने छ। विशेषत: अयोग्य सवारी साधन को उचित व्यवस्थापन पूर्वाधार ढाँचा निर्माणमा प्रोत्साहित गर्न प्रधानमन्त्री मोदीले बैठकलाई सम्बोधन गर्नुहुने छ।

उक्त बैठकले स्वैच्छिक सवारी आधुनिकीकरण कार्यक्रम अन्तर्गत अयोग्य सवारी साधन को उचित व्यवस्थापन पूर्वाधार ढाँचा निर्माण का लागि आवश्यक लगानी भित्र्याउने र बढावा दिने उद्देश्य लिएको छ।

यस बैठकले एक एकीकृत टुकडी केन्द्र को स्थापना का लागि गुजरात स्थित अलंग मा जहाज तोड्ने उद्योग द्वारा प्रस्तुत तालमेल मा ध्यान केन्द्रित गर्नेछ। सडक यातायात र राजमार्ग मन्त्रालय र गुजरात सरकारले यो बैठक आयोजना गर्न लागेका हुन्।

यो बैठक गान्धीनगर, गुजरात मा आयोजित गरिनेछ र सम्भावित लगानीकर्ताहरु, उद्योग विशेषज्ञहरु, र सम्बन्धित केन्द्र र राज्य सरकार का मन्त्रालयहरु बाट सहभागिता देखिने अनुमान गरिएको छ।

प्रधानमन्त्रीले भिडियो सम्मेलन मार्फत कार्यक्रमलाई सम्बोधन गर्नुहुने छ। केन्द्रीय सडक यातायात र राजमार्ग मन्त्री र गुजरात का मुख्यमन्त्री पनि उपस्थित हुनेछन्।

वातावरण मैत्री र सुरक्षित तरीका मा अयोग्य र प्रदूषणकारी सवारी साधनहरु लाई चरणबद्ध रुपमा व्यवस्थापन गर्न का लागि यस नीति को निर्माण गर्न लागिएको हो।

नीति अनुरुप देश भर मा स्वचालित परीक्षण स्टेशनहरु र पंजीकृत वाहन सुविधा मार्फत यस प्रकारको पूर्वाधार निर्माण गरिनेछ।

# निर्वाचनलाई बढी सहभागितामूलक र पारदर्शी बनाउन भारतले प्रविधिको प्रयोग गरेको छ: सीईसी चन्द्र

भारतको प्रमुख निर्वाचन आयुक्त सुशील चन्द्राले निर्वाचन व्यवस्थापनमा प्रविधि को महत्व उल्लेख गर्दै बुधवार निर्वाचनलाई बढी सहभागितामूलक र पारदर्शी बनाउन भारतले प्रविधिको प्रयोग गरेको बताउनुभयो।

'चुनावमा प्रविधि को प्रयोग' विषयवस्तुमा आधारित सन् २०२१ दक्षिण एशियाको चुनाव व्यवस्थापन निकाय (एफईएमबोसा) को ११ औं वार्षिक बैठकमा बोल्दै चन्द्राले भारतीय निर्वाचन आयोग (ईसीआई) ले अत्याधुनिक प्रविधिको प्रयोग गरी आफ्ना धेरै प्रक्रियाहरु अघि सारेको बताउनुभयो।

कोविड १९ महामारीको पृष्ठभूमिमा व्यक्तिगत भेटघाट कम गर्न प्रविधी आधारित प्रक्रिया संचालन गर्न अझ महत्वपूर्ण रहेको पनि उनले उल्लेख गर्नुभएको थियो।

भर्चुअल ढाँचामा आयोजित सो बैठक को आयोजना भुटानी निर्वाचन आयोग ले गरेको थियो। भारत बाहेक उक्त बैठकमा अफगानिस्तान, बंगलादेश, भुटान, माल्दिभ्स, नेपाल र श्रीलंकाका प्रतिनिधिहरुले पनि सहभागी जनाएका थिए।

कोविड १९ समय मा पनि भारतले कसरी सन् २०२० नोभेम्बर महिनाको निर्वाचन सम्पन्न गरेको थियो र सन् २०२१ मार्च/अप्रिल महिनामा बिहार र असम, केरला, तमिलनाडु, पश्चिम बंगाल, र पुडुचेरी मा कसरी विधानसभा चुनाव गरेको थियो सो अनुभव उनले विस्तार गरेका थिए।

एफईएमबोसाले लोकतान्त्रिक समाजको प्रतिनिधित्व गरेको मुख्य निर्वाचन आयुक्तले बताउनुभयो। एफईएमबोसा निर्वाचन व्यवस्थापन निकायहरुको एक सक्रिय क्षेत्रीय सहयोग संघ हो। सुनौलो मोती बाट प्रतिबिम्बित यस संघ को लोगो पारदर्शिता, निष्पक्षता, लोकतन्त्र र सहयोग शाश्वत मूल्यहरु को लागी खडा रहेको उनले जानकारी दिनुभयो।

आफ्नो उद्देश्य प्राप्तिका लागि ईसिआई एफईएमबोसा सदस्य ईएमबि सँग मिलेर काम गर्न चाहेको पनि उनले बताएका छन्। साथै कौशल र क्षमता निर्माण प्रयास साझेदारी को माध्यम बाट ईएमबि लाई सशक्त बनाउन तत्पर रहेको पनि उनले उल्लेख गर्नुभएको थियो।

बैठकको क्रममा एफईएमबोसा को निवर्तमान अध्यक्ष को रूप मा सीईसी चन्द्राले भुटानी निर्वाचन आयुक्त दाशो सोनम तोपगे लाई एफईएमबोसा को अध्यक्षता हस्तान्तरण गरेका थिए।

अध्यक्ष दासो सोनम तोपगेले जिम्मेवारी स्वीकार गर्दै भुटानको निर्वाचन आयोग प्रति दर्शाएको भरोसा र विश्वासका लागि प्रतिनिधिहरुलाई धन्यवाद दिनुभयो।

उनले भुटानले सार्क देशहरुको निर्वाचन व्यवस्थापन निकायहरु बीचको सम्पर्कलाई बढावा दिन, एक अर्काबाट सिक्नको लागी अनुभवहरु बाँड्न र चुनावको क्षमता बढाउन एक अर्कालाई सहयोग पुऱ्याउने जस्ता एफईएमबोसा को उद्देश्य पूर्तिका लागि पूर्ण निष्ठाका साथ काम गर्ने आश्वासन दिनुभयो।

एफईएमबोसाका सदस्यहरु द्वारा वर्तमान महामारी को स्थिति मा अध्यक्ष को कार्यकाल दुई बर्ष सम्म बढाउन एक थिम्फु संकल्प सर्वसम्मतिले पारित गरिएको थियो।

उक्त दस्तावेजमा ईसिआई र आईडेम द्वारा एफईएमबोसाका सदस्यहरुको क्षमता विकास का लागि गरिएका प्रयासको पनि सराहना गरिएको थियो। आईडेम र इसिआई सदस्य राष्ट्र का आवश्यकता पूरा गर्न निरन्तर प्रयास गरिरहने छ।

# भारत र अष्ट्रेलिया बीच २+२ बैठक हुने सम्भावना

आउने सेप्टेम्बर महिनामा भारत र अष्ट्रेलियाका विदेश तथा रक्षामन्त्री बीच २+२ बैठक हुने सम्भावना रहेको छ। अष्ट्रेलियाको एबीसी समाचार का अनुसार विदेशमन्त्री मारिस पायने र रक्षा मन्त्री पिटर डटन अमेरिकी भ्रमण पछि भारत भ्रमणमा आउने छन्। अस्ट्रेलियाली सञ्चारमाध्यमका अनुसार, पीटर डटनले सन् २०२१ मार्च महिनामा रक्षामन्त्री को पद सम्हालेका थिए। पदभार पछि उनको यो पहिलो विदेश भ्रमण हुनेछ। बुधवार प्रकाशित एबीसी समाचार ले प्रकाशित गरेको प्रतिवेदन माथि विश्वास गर्ने हो भने सेप्टेम्बर महिनामा अष्ट्रेलियाका प्रधानमन्त्री स्कट मोरिसनले अमेरिका भ्रमण गर्नुहुनेछ। त्यसै समयमा उनले अमेरिकी राष्ट्रपति जो बिडेन, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र जापानी प्रधानमन्त्री योशिहिदे सुगा सँग चतुर्भुज सुरक्षा संवाद बारे छलफल गर्नुहुनेछ। यसै महिनाको अन्त्य तिर क्वाड देशहरु - भारत, अमेरिका, अष्ट्रेलिया र जापान का सेना गुआम नजिक मालाबार अभ्यास मा भाग लिनेछन्। भारत र अष्ट्रेलियाको बिच बढ्दो सम्बन्ध का कारण क्यानबेराले नयाँ दिल्लीलाई भूमि, हावा र समुद्रमा आयोजना हुने तालिस्मान सेबर नामक अभ्यासको अर्को चरणमा भाग लिन आमन्त्रित गर्न सक्छ। सीप, कौशल र ज्ञान साझेदारी यस अभ्यासका प्रमुख पक्षहरु हुन्। एबीसी न्यूजका अनुसार २+२ संवादको क्रममा क्षेत्रीय सुरक्षा, महामारी व्यवस्थापन र महामारीका कारण लगाइएको यात्रा प्रतिबन्ध बारे व्यापक छलफल हुनसक्नेछ।

# चीनको कार्यवाही पछि भारत र अमेरिकामा ज्यादा आर्थिक प्रवाह : मार्क मोबियस

संसारको दोस्रो सबैभन्दा ठूलो अर्थव्यवस्था भनेर चिनिने चीन को नियामक कार्यवाही का कारण बजार मा डर पैदा भएको छ।रुजसका कारण भारत, संयुक्त राज्य अमेरिका र अन्य उदीयमान बजारहरुमा आर्थिक प्रवाह बढेको छ। अनुभवी लगानीकर्ता मार्क मोबियसले स्पष्ट पार्नुभयो। मोबियस, उदीयमान बजार कोष प्रबन्धक र मोबियस क्यापिटल पार्टनर्सका संस्थापक ले रोयटर्स ग्लोबल मार्केट्स फोरम लाई भने, "आधा रकम बाहिरिएको छ, तर यो अस्थायी हो, यो धेरै समय सम्म टिक्ने छैन।" मोबियसले उनको संस्था "भारत मा धेरै केन्द्रित" रहेको बताएका छन्। साथै उनले चिकित्सा परीक्षण देखि औद्योगिक उपकरण सम्मका क्षेत्रहरुमा आशावादी रहेको पनि बताएका छन्। "यो भारतमा रहेको एक धेरै व्यापक क्षेत्र हो। यस क्षेत्रमा धेरै अवसर छन्। "उनले भने। मोबियसका अनुसार चीनको कारबाहीको प्रभाव अस्थायी हुनेछ, र एकाधिकारवादी प्रवृत्ति रोक्दै साना र मध्यम आकारका उद्यमहरु (एसएमई) फस्टाउन सक्षम हुनेछन्। गत साता उनले जीएमएफ लाई दिएको अन्तर्वार्तामा उल्लेख गर्नुभए अनुसार चीनको नियामक कार्यवाही का कारण केही समयका लागि चीन विदेशी लगानीकर्ताहरुका लागी उचित गन्तब्य स्थल बन्न नसक्ला तर स्थायी समय का लागि भने चीन एक आकर्षक गन्तव्य स्थल बन्न सक्दछ। चीन मा मोबियस को कम्पनी ले चिकित्सा उपकरण निर्माण, स्वास्थ्य सेवा, उच्च स्तरीय शिक्षा कम्पनीहरु, उपभोक्ता उत्पादनहरु र फास्ट फूड मा लगानी गरेका छन्। हाल यी व्यापार चीनको कार्यवाही बाट प्रभावित भएका छैनन्। – इण्डिया न्यूज नेटवर्क

लागूऔषध रहित परिवार: स्वस्थ जीवनको आधार

लागूऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ। लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्री वितरण तथा सेवन कानूनत: दण्डनीय छ। गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरूलाई पनि लाग्न नदिऔं। स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रहरीलाई सवारीसाधन र ड्रोन हस्तान्तरण

वीरगञ्ज। प्रदेश २ का आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरतप्रसाद शाहले नेपाल प्रहरीलाई सवा चार करोड रुपैयाँ बराबरका सवारीसाधन लगायतका सामाग्री हस्तान्तण गरेका छन्। हस्तान्तरण गरिएमा सामग्रीमा ड्रोन क्यामेरा, बारुण यन्त्र, मोबाइल पिकअप भ्यानलगायत छन्। त्यसले प्रदेशमा सुरक्षा व्यवस्था चुस्त बनाउन सहयोग गर्ने मन्त्री शाहले बताए। यस्तै, प्रदेश २ को आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयले आपतकालीन कार्य सञ्चालन केन्द्र सञ्चालनमा ल्याउने भएको छ। आन्तरिक मामिला तथा सञ्चारमन्त्री शाहले प्रदेशस्तरमा आपतकालीन कार्य सञ्चालन केन्द्र सञ्चालनमा ल्याउने निर्णय गरेका हुन्। उनले त्यसका लागि आवश्यक जनशक्ति उपलब्ध गराउन चारवटै सुरक्षा निकायलाई अनुरोध गरे। आपतकालीन कार्य सञ्चालन केन्द्र खटिएका जनशक्तिका लागि आवश्यक व्यवस्थापन आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयले गर्नेछ। मन्त्रालयले कोरोनाको तेस्रो लहर आउन सक्ने भन्दै त्यसलाई न्यूनीकरण गर्न आवश्यक व्यवस्था गर्न सबै सुरक्षा निकायलाई निर्देशन दिएको छ।

## जिल्ला समाचार

# सरकारी वकिलले पुनरावेदन गर्ने

जनकपुरधाम। जनकपुरकी आरती साहलाई श्रीमानले एसिड प्रहार गरेको घटनामा एसिड बिक्रेतालाई सफाइ दिएको धनुषा जिल्ला अदालतको फैसलाविरुद्ध सरकारी वकिलको कार्यालयले पुनरावेदन गर्ने भएको छ। सोमबार जिल्ला अदालत धनुषाले आफ्नी श्रीमती आरती साहमाथि एसिड प्रहार गर्ने जनकपुरधाम उपमहानगरपालिका-२० रुपैठाका सञ्जीव साहलाई दोषी ठहर गरे पनि बिनालाइसेन्स एसिड बेच्ने बिक्रेता नागेन्द्र साहलाई सफाइ दिने फैसला सुनाएको छ। मुख्य जिल्ला न्यायाधिवक्ता सीताराम अर्यालले जिल्ला अदालतको यसै फैसलाविरुद्ध उच्च अदालतमा पुनरावेदन गरिने बताए। उनले सफाइ पाएकाको हकमा फैसला तयार भएर आएलगत्तै पुनरावेदन गरिने जनाए। मुख्य न्यायाधिवक्ता अर्यालले भने, 'अहिलेको कसुर निर्धारण तथा सजाय ऐन २०७४ का अनुसार तीन वर्षभन्दा बढी कैद हुने मुद्दामा पहिला कसुर ठहर गर्नुपर्छ। त्यसपछि सजाय निर्धारण गर्नुपर्ने भएकाले यो फैसला आएको हो।' उनले दोषी ठहर भएकाको हकमा आफूहरुको दाबी १५ वर्ष ६ महिना कैद नै हुनुपर्छ भन्ने रहेको जानकारी दिए। यता एसिड बेच्नेलाई सफाइ दिएको फैसलाप्रति आपत्ति जनाउन अदालत पुगेकी आरती साहलाई प्रहरीले नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालयमा राखेको छ। गत कात्तिक २९ गते दीपावलीको दिन जनकपुरधाम उपमहानगरपालिका-७ स्थित ससुरालीमा गएर सञ्जीवले श्रीमती आरती साह र छोरी रियामाथि एसिड प्रहार गरेका थिए।

# सामुदायिक वनमा करोडौंको अनियमितता

मणि प्रसाद गैह्रे, कपिलवस्तु। बुद्धभूमि नगरपालिका वडा नम्बर ९ गब्दहवास्थित बुद्ध यशोधरा सामुदायिक वन उपभोक्ता समूहमा १ करोड बढी आर्थिक अनियमितता भएको अरोप स्थानीयले लगाएका छन्। समितिका उपाध्यक्ष, सचिव लगायत सदस्यहरुलाई घर-घर गएर बैठकको हस्ताक्षर गराउने र सबै पैसा निकासा गर्ने तथ्य बाहिर आएको छ। सामुदायिक वनका अध्यक्ष र कोषाध्यक्षको मिलेमतोमा ३ बर्षको अवधिमा बिभिन्न शीषर्क गरी १ करोड बढी अनियमिता गरिएको वनका उपभोक्ताहरुले अरोप लगाएका हुन्। सामुदायिक वनको लेखा परिक्षण प्रतिवेदनमा देखाइएको खर्च अनुसार एक करोड बढी अनियमिता भएको स्थानीय उपभोक्ता राम किशोर थारुले बताए। सामुदायिक वनका अध्यक्ष गिरिधारी थारु, कोषाध्यक्ष शसि अधिकारी मिलेर आर्थिक अनियमिता गरेका उनले बताए। वनकी उपाध्यक्ष इन्द्रावती थारुले समुदायका उपभोक्ताको कुरा सुन्दा वनमा अनियमिता भएको स्वीकार गर्दै आफुले एक रुपैया पनि नलिएको सबै रकम अध्यक्ष र कोषाध्यक्षले खर्च गरेको बताइन्। मलाई बैठकको रजिष्टर घरमा ल्याएर सही गर भन्छन मैलै सही गर्दै आएको छु अरु रकमको बारेमा थाहा छैन कुनै कामको सर सल्लाह समेत मलाई दिन्नन। त्यस्तै नामको मात्र सचिव बताउने शुसिला विष्टले सचिव भएपनि मैले सही गर्न आउने र पढ्न लेख्न नआएपनि महिला भएको कारण सचिवमा बस भनेर बसेको हो।हाल सम्म मलाई सचिव भत्ता भनेर ६ हजार दिएका छन्। अरु सबै कोषाध्यक्ष शसि अधिकारले गर्छन अन्य जानकारी मलाई केही छैन विष्टले बताइन्।

# भौतिक उपस्थितिमै पठनपाठन गराउने निर्णय

वीरगञ्ज। भौतिक रूपमा विद्यार्थी तथा शिक्षकलाई उपस्थित गराई वीरगञ्ज महानगरपालिकामा विद्यालय सञ्चालन गर्ने निर्णय गरिएको छ। बुधबार सरोकारवालासँगको छलफलपछि वीरगञ्ज महानगरपालिकाले साउन ३१ गतेदेखि विद्यार्थीलाई भौतिक रूपमै उपस्थित गराएर विद्यालय सञ्चालन गर्ने निर्णय गरेको हो। भौतिक रूपमा विद्यार्थीलाई उपस्थित गराई कक्षा ८ देखि १२ सम्मका कक्षा सञ्चालन गर्ने निर्णय गरिएको वीरगञ्ज महानगरपालिका शिक्षा शाखाका प्रमुख अरबिन्द लाल कर्णले जानकारी दिए। भौतिक रूपमा विद्यार्थी उपस्थित गराई कक्षा सञ्चालन गर्दा विद्यालय सञ्चालनसम्बन्धी कार्यढाँचा ०७७ बमोजिम स्वास्थ्य मापदण्ड अपनाई जनस्वास्थ्यको दृष्टिले सुरक्षित ढंगले अभिभावकको स्वीकृति लिई सञ्चालन गरिने कर्णले बताए। कोरोना संक्रमणको दोस्रो लहर बढ्दै गएपछि वीरगञ्जलगायत पर्सा जिल्लामै सामुदायिक तथा निजी विद्यालय बन्द छन्। जिल्लाको ग्रामीण भेगका केही निजी विद्यालय भने सरकारको आदेश उल्लंघन गर्दै सञ्चालनमा आएका छन्।

# कालोबजारी गरेको अभियोगमा १ जना पक्राउ

पर्सा। कालोबजारी गरेको अभियोगमा वीरगञ्ज महानगरपालिका-१३ मुर्ली बस्ने अब्दुल अन्सारीको मासु पसलमा काम गर्ने सोही ठाउँ बस्ने २८ वर्षीय रोज अन्सारीलाई शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। उक्त पसलमा रोज अन्सारीले खसीको मासु हो भनी बाख्राको मासु बिक्री गरिरहेको सूचनाको आधारमा वडा प्रहरी कार्यालय श्रीपुरबाट खटिएको प्रहरीले पसलको तलासी लिँदा बाख्राको मासुमा खसीको अण्डकोष सिलाई बेचिरहेको फेला पारी रोज अंसारीलाई सो मासु सहित पक्राउ गरेको हो। उनी उपर कालोबजारी सम्बन्धी कसूरमा अनुसन्धान अगाडि बढाइएको तथा पसलका संचालक अब्दुल अन्सारीको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

# लुम्बिनीका मुख्यमन्त्री पोखरेलद्वारा राजीनामा

बुटवल। लुम्बिनी प्रदेशका मुख्यमन्त्री शंकर पोखरेल राजीनामा दिएका छन्। प्रदेशसभामा मुख्यमन्त्री पोखरेल अल्पमतमा परेपछि राजीनामा घोषणा गरेका हुन्। प्रदेश सभामा आफूविरुद्ध अविश्वास प्रस्तावमाथि छलफल र निर्णय गर्न बोलाइएको विशेष अधिवेशन सुरू हुनु अगावै उनले राजीनामा दिएका हुन्। विपक्षी गठबन्धनले माओवादी केन्द्र संसदीय दलका नेता कुलप्रसाद केसी (सोनाम)लाई भावी मुख्यमन्त्रीका रुपमा प्रस्ताव गरेका छन्। साउन १९ गते विपक्षी चार दलको गठवन्धनका ३४ जना सांसदले मुख्यमन्त्रीविरुद्ध तेस्रोपटक अविश्वास प्रस्ताव दर्ता गरेका थिए। प्रदेशसभामा हाल ८० जना सांसद बहाल रहेकोमा बहुमतका लागि ४१ सिट आवश्यक हुन्छ। विपक्षी गठवन्धनसँग कांग्रेसका १९, माओवादी केन्द्रका १८, जसपाका ३ र जनमोर्चाका १ गरी ४१ सांसद छन्।

# कपिलवस्तुमा डुबेर एक वृद्धाको मृत्यु

कपिलवस्तु। महाराजगंज नगरपालिका-९ औरहवा बस्ने ६५ वर्षीया मैना अहिर सोही ठाउँस्थित पोखरीमा मृत अवस्थामा फेला परेकी छन्। शनिबार घाँस काट्न खेत गएकोमा बेलुकासम्म घर नफर्किएपछि खोजी गर्नेक्रममा उक्त पोखरीमा डुबेको अवस्थामा उनको शव फेला परेको प्रहरीले जनाएको छ।

# रौतहटलाई बदनाम गर्न खोजेको आरोप

रौतहट। पूर्वमन्त्री प्रभु साहले रौतहटको अग्रगामी विरासतलाई माथि उठाउने बताएका छन्। गुजरा नगरपालिकाको कटानीमा स्थानीयसँग अन्तरक्रियाको क्रममा पूर्वमन्त्री साहले देशमा अव्यवस्था, अस्थिरता आएको खण्ड हरबखत रौतहटले त्यसको सामना गरी देशलाई निकास दिदै आएको बताए। अहिले देशमा पुन: राजनैतिक संकट बढ्ेकोले यस च्यालेन्जलाई स्वीकारेर रौतहटले देशलाई सुशासन र सुव्यवस्था प्रदान गर्न आह्वान गरे। केही तत्वहरुले रौतहटको भुमिलाई बदनाम एवम् कलंकित गर्न खोजेको पनि उनको आरोप छ। उनले रौतहटको विरासतलाई आफुहरुले रक्षा गर्ने बताए। "देशमा जब जब अव्यवस्था बढ्ेको र प्रतिक्रियावादले शिर उठाएको छ तब तब त्यसलाई तह लगाएर देशलाई निकास दिने काम रौतहटले गरेको छ। रौतहटको ईतिहास छ कि ठुल्ठुला तानाशाह र सामन्तलाई ढालेको छ। गौरवशाली विरासत बोकेको रौतहटको अगाडि पुन: अर्को च्यालेन्ज आएको छ। अव्यवस्था, र अराजकताले वर्चस्व पाएर देशलाई खोक्रो बनाउदै गएको छ।" मन्त्री साहले भने, "रौतहटले यस च्यालेन्जलाई एक्सेप्ट गर्नुपर्छ र देशलाई निकास दिनुपर्छ। अब रौतहटको अग्रगामी विरासतको रक्षा तपाईं हामीले गर्नुपर्छ।" पूर्वमन्त्री साहले रौतहटको गुजरासहित फतुवा विजयपुर, कटहरियालगायतका नगरपालिकाका स्थानीयसंग अन्तरक्रिया गर्नुका साथै सो क्षेत्रमा निर्माणाधीन परियोजनाहरुको अनुगमनसमेत गरेका थिए।

# राजस्व विभागको स्टिकरसहित ५ जना पक्राउ

कैलाली। गौरीगंगा नगरपालिका-७ बाट आन्तरिक राजस्व बिभाग लेखिएको स्टिकर रोल ७७ (जम्मा स्टिकर संख्या २ लाख ८८ हजार ६ सय ७४), ७० यूपी ३०० एमएल लेखिएको छाप ३ थान , ३ थान स्ट्याम प्याड र मसी सहित ५ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा भारत लखिमपुर खिरी ग्राम पञ्चायत बरौठा बस्ने १९ वर्षीय संजित कुमार, सोही ठाउँ बस्ने २० वर्षीय रिङ्कु कुमार, २२ वर्षीय सुरेश कुमार, रौतहट गरुडा नगरपालिका-१ जयनगर बस्ने ४० वर्षीय राज कुमार शाह र पर्सा वीरगंज नगरपालिका-१३ घन्टाघर बस्ने ५५ वर्षीय विजय गुप्ता रहेका छन्। संजित कुमारले चलाएको ना.३२ प ६२८१ नम्बरको मोटरसाइकललाई जिल्ला प्रहरी कार्यालय कैलाली र मातहातबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा ३ वटा कार्टुनभित्र आन्तरिक राजस्व बिभाग लेखिएको उक्त स्टिकर फेला पारी संजित र मोटरसाइकलमा सवार रिङ्कुलाई पक्राउ गरेको थियो। प्रारम्भिक अनुसन्धानको क्रममा उक्त स्टिकरका रोलहरुमध्ये १३ रोल स्टिकरमा एउटै सिरियल नम्बर भएका स्टिकर पटकपटक दोहोरिएको पाइएको र उक्त स्टिकर गौरीगंगा नगरपालिका-७ मसुरियास्थित वेष्टर्न लिकर्स प्रालिबाट ल्याई उनीहरु बस्ने कोठामा छाप लगाउन लैजान लागेको भन्ने खुल्न आएपछि उनीहरु बस्ने कोठामा तलासी गर्दा छाप, स्ट्याम प्याड र मसी समेत फेला पारी बरामद कोठामा रहेका राज कुमार, विजय र सुरेश कुमारलाई पक्राउ गरेको हो। आन्तरिक राजश्व कार्यालय धनगढी कैलालीसँग समन्वय गरी जिल्ला प्रहरी कार्यालय कैलाली समेतबाट खटिएको संयुक्त टोलीले उक्त वेष्टर्न लिकर्स प्रालिमा स्टिकर भण्डारण गरिएको कोठा सिल गरी आन्तरिक राजश्व कार्यालय धनगढी कैलालीबाट थप अनुसन्धान भइरहेको छ। उनीहरुलाई बरामद सामान सहित आवश्यक कारवाहीको लागि आन्तरिक राजश्व कार्यालय धनगढी कैलालीमा पठाइने उक्त कार्यालयले जनाएको छ।

# श्रोत नखुलेको रूपैयाँसहित दुई पक्राउ

रुपन्देही। रुपन्देही जिल्लाको सिद्धार्थनगर नगरपालिका १ स्थित वाईपास ईलाकाबाट सशस्त्र प्रहरीले ८ लाख ४७ हजार ५ सय रुपैयाँसहित दुई जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा भारतमा घर बताउने ३५ बर्षिय राजन जैसवाल र ६७ बर्षिय श्याम प्रकाश रहेका छन्। लु ५ प २१९९ नम्बरको मोटरसाईकलमा सुनौलीबाट भैरहवातर्फ आउँदै गरेका उनीहरुलाई सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट डण्डाबाट खटिएको सशस्त्र प्रहरीले शंका लागि जाँच गर्दा उनीहरुको साथमा फेला परेको उक्त रुपैयाँको श्रोत खुलाउन नसकेपछि पक्राउ गरिएको हो। पक्राउ परेकाहरुलाई बरामद रुपैयाँ तथा मोटरसाईकलसहित आवश्यक कारवाहीको लागि राजस्व अनुसन्धान कार्यालय बुटवलमा बुझाईएको छ।

कला/साहित्य कमल मण्डल

# प्यारोडीभन्दा खतरनाक अश्लील गीत हो



सुरज झा सुमन, गीतकार

मैथिली गीत, संगीत, सिनेमा र साहित्यको चर्चा हुदाँ सप्तरीको नाम अगाडी आउँछ। सप्तरीमा घर-घरमा कलाकार छन् र गीत संगीत पढने, अनुभव गर्नेको संख्या पनि धेरै छन्। त्यसमा पनि गीत लेखन विधा धेरै नै महत्वपूर्ण विषय हो। आज हामी चर्चा गर्दैछौ एकजना युवा गीतकार जसले मैथिली गीत संगीतको क्षेत्रमा छोटो समयमा पहिचान बनाउने र सबैको प्रिय गीतकार बन्न सफल सप्तरी जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १, भारदह स्थायी घर भएका युवा गीतकार सुरज झा सुमनको चर्चा सबैतिर हुने गरेको छ। सुपरडुपर हिट गीतका गीतकार झा २०७२ सालमा पहिलो चोटी रेकर्ड गराएर सांगीतिक क्षेत्रमा पाइला टेकेका झा अहिले सुपरहिट गीत दिन सफल भएका छन्। स्थानीय रेडियो माध्यमहरुमा दिनैभरि गुञ्जिरहने गीतका गीतकार झासँग मैथिली गीत संगीतको विषयमा भएको कुराकानीको संक्षिप्त अंश:

**० तपाईको चर्चित गीतहरु कुन-कुन हो ?**

– धरै छन् जस्तै: जबसे देखलौ आहाँके, कोशीके छाउमे, चेहेरा छुपाक एलौ, पिया काँचे छै उमरीया, इजोरीया के चाँन सन, कि एहन वात अहाँके, मौशम सुहाना,

**० मैथिली गीतकारको रुपमा कसरी आउनुभयो कलाकारीता क्षेत्रमा ?**

– मेरो लागि मैथिली कला क्षेत्रमा लागने प्रेरणा बिरेन्द्र झा र कमाल तोहर ओढनी एल्वम हो। हजारौं पटक सुनेको छु। जति सुन्दै गयो उति गीत भित्र हराउँदै गएको अवस्था थियो। मैथिली सुपर स्टार तथा मिथिला रत्न गायक बिरेन्द्र झा मलाई जवरजस्ती लेपख्न लगाउनु हुन्थ्यो सुरुवाती दिनमा।

**० अहिलेसम्म कतिवटा र कुन कुन भाषामा गीत लेख्नु भयो ?**

– मैथिली बाहेक भोजपुरी र नेपाली भाषामा पनि रेकर्ड भएको छ।

**० मैथिली गीत संगीतको बजारको अवस्था कस्तो छ ?**

– संरक्षण नभएसम्म बजार बन्न सक्दैन। मैथिली को संरक्षण जरुरी छ। जस्तै, गीत घरघरके नाम अनुसार काम भएको छ। संस्कृतिसँग जोडीएर गीत नबनेसम्म अगाडी बढन सक्दैन।

**० अहीलेसम्म कुन-कुन गायक-गायिकाको लागि गीत लेख्नु भएको छ ?**

– उदय नारायण झा, बिरेन्द्र झा, सन्नु कुमार, भागवत मण्डल, सरोज संत, दिपक शर्मा, उतम झा, ज्योति विश्वकर्मा, अंजु यादव लगायतका नाम चलेका सबै गायक गायीका सँग काम गरी सकेको छु। अश्लील र बेसुर गायकलाई गीत दिन बन्द गरेको छु। सुरुका दिनमा अश्लील र बेसुरको बारेमा थाहा थिएन। अब जानी-जानी यस्तो गल्ती नगर्नु भनेर अरुलाई पनि सम्झाउँदै छु।

**० अश्लील गीत बजारमा कसरी रोकिन्छ ?**

– सबभन्दा पहिले अश्लील गायकलाई कारबाही हुनुपर्छ। गीतमा पनि प्रतिबन्ध लगाउनु पर्छ। मिडीयाबाट पनि प्रसारणमा रोक लगाउनु पर्छ। गाउने र बजाउनेलाई पनि सजाय हुनुपर्छ।

**० प्यारोडी गीतको बारेमा के भन्नु हुन्छ ?**

– घर-घरमा प्यारोडी गीत चल्छ। कुनै गायकले कसैलाई आफ्नो आइडल मान्यो भने उसकै गीत स्टेजमा गाउँछ। प्यारोडी ठूलो कुरा होइन। प्यारोडीभन्दा खतरनाक अश्लील गीत हो। यसले समाजलाई बिगार्ने काम गरेको छ।

**० कतिवटा गीत रेकर्ड भएको छ ?**

– दुई सय वटा जति गीत रेकर्ड भइसकेका छन्।

**० गीत कसरी लेख्नु हुन्छ ?**

– गीत लेख्नु सजिलो छैन। शव्दमा डुब्नु पर्छ। हराउनु पर्छ। जस्तै प्रेम गीतमा काल्पनिक भएपनि प्रेम गर्नुपर्छ। शब्दको चयन पनि धेरै अर्थ राख्छ। गीत लेख्ने मान्छेलाई तालको ज्ञान हुनै पर्छ। कुन गीत कुन गायकलाई दिने हो ? कसको आवाजमा कुन गीत सुहाउँछ। यी सबै कुराको ज्ञान गीतकारमा छ भने अरुको भर पर्नु पर्दैन।

## सीमा क्षेत्रका नेपाली रेडियोको प्रभाव रोक्न माग

काठमाडौं। भारतको बिहार राज्यका सूचना तथा जनसम्पर्क मन्त्री सञ्जयकुमार झाले आफ्नो भूभागमा नेपाली एफएम रेडियोको फ्रिक्वेन्सी प्रभाव रोक्न केन्द्र सरकारको ध्यानाकर्षण गराएका छन्। मन्त्री झाले केन्द्र सरकारका सूचना तथा प्रसारण मन्त्री अनुराग ठाकुरसँग भेट गर्दै नेपाली रेडियोहरुको प्रभाव रोक्न तत्काल आवश्यक कदम चाल्न माग गरे। उनले सीमा क्षेत्रमा रहेका नेपाली एफएमले प्रसारण गरेका सामग्रीका कारण सिर्जित समस्याबारे जानकारी गराएका थिए। उनले आफ्नो राज्यमा नेपाली एफएमहरुको प्रभाव रोक्ने गरी कार्ययोजना बनाउन समेत केन्द्र सरकारसँग आग्रह गरे।

मन्त्री झाले चौबीसै घन्टा बज्ने नेपाली एफएम र अन्य फ्रिक्वेन्सीको बिहारका विभिन्न जिल्लाहरुमा सहजै पहुँच भएका कारण समस्या उत्पन्न भएको जिकिर गरेका थिए। नेपाली एमएमले प्रसारण गर्ने कार्यक्रमहरुको पहुँच विशेषत: उत्तर बिहारका धेरै जिल्लाहरुमा छ। उनले अल इन्डिया रेडियो स्टेसनको पहुँच, तीव्रता र विस्तार गरेर नेपाली एफएमहरुको विस्तार रोक्न सकिने विकल्प सुझाएका थिए।

झाले सो क्षेत्रमा ३० लाखभन्दा बढी जनसंख्या मैथिली भएकाले त्यही भाषामा कार्यक्रमहरु निर्माण गरेर नेपाली एफएमको विकल्प दिनुपर्ने सुझाव पनि दिएका थिए। अहिले मैथिली भाषामा सञ्चालन भएका कार्यक्रमहरुको अवधि बढाएर बढी जनसंख्यामा पुऱ्याएमा नेपाली एफएमहरूको विस्तार रोक्न सकिने उनको धारणा थियो।

नेपाली एफएमहरुको विषयवस्तुको बारेमा बिहार राज्यले समय-समयमा आपत्ति जनाउँदै आएको छ। सन् २०१५ को नाकाबन्दीको समयमा पनि भारतीय पक्षले यो विषय उठाएको थियो। गत वर्ष भारतले अतिक्रमण गरेको भूभाग समेटेर नयाँ नक्सा जारी गरेपछि नेपाली एफएमहरुले प्रसारण गरेका विषयवस्तुको विषयमा समेत बिहार, उत्तरप्रदेश र उत्तराखण्ड राज्यका नेतृत्वले केन्द्र सरकारको ध्यानाकर्षण गराएका थिए। त्यसबेला उनीहरुले नेपाली एफएमले भारत विरुद्ध प्रपोगण्डा प्रसारण गरेको जानकारी केन्द्र सरकारलाई गराएका थिए। नेपाली एफएमहरुले कालापानी, लिपुलेक र लिम्पियाधुरा फिर्ता गर्न आग्रह गर्दै विभिन्न सामग्री प्रसारण गरेका थिए।

## नारायणी अस्पतालमा अक्सिजन पाइपलाइन

वीरगन्ज। कोरोना महामारीको तेस्रो लहरको जोखिम बढिरहँदा वीरगन्जको नारायणी अस्पतालमा दाताको सहयोगमा अक्सिजन पाइपलाइन जडान भएको छ। विभिन्न दाताको सहयोगले सर्जरी, मेडिकल र प्याड्रेटिक वार्डमा पाइपलाइन जडान भएको हो।

वीरगन्जको त्रिवेणी ग्रुपले आफ्नो तीनवटा कम्पनीको नामबाट २३ लाख रुपैयाँ सहयोग गरेको छ। उक्त रकमबाट उद्योग वाणिज्य संघ वीरगन्जको आर्थिक सहयोगमा निर्माण भएको २० बेडको बाल सघन चिकित्सा कक्षमा अक्सिजन पाइपलाइन जडान भएको छ। यसैगरी क्याल ग्रुपको २० लाख, नेपाल फर्मास्युटिकल्स कम्पनीको १७ लाख, सूर्य टोबाकोको १३ लाख रुपैयाँको सहयोगले सर्जरी, मेडिकललगायतको वार्डमा अक्सिजन पाइपलाइन जडान कार्य सम्पन्न भएको छ। अस्पतालको एचडीयू वार्डको पाइपलाइन मात्र सरकारको बजेटले जडान भएको अस्पतालका निमित्त मेडिकल सुपरिन्टेन्डेन्ट डा.वीरेन्द्र प्रधानले बताए।

अस्पतालले एउटा कोभिड डेडिकेटेड हस्पिटलसमेत निर्माण गर्दैछ। पर्सा क्षेत्र नं. २ का सांसद विमलप्रसाद श्रीवास्तवको संसदीय कोषअन्तर्गत स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट १ करोड ४७ लाख ९२ हजार रुपैयाँमा खरिद गरिएको अक्सिजन प्लान्ट अस्पतालमा जडान भइसकेको छ। उक्त प्लान्टबाट अक्सिजनसमेत उत्पादन भइरहेको छ।

# न्यूनतम्...

संविधान निर्माणका बखत मधेशका जिल्लाहरूमा मधेशी, थारुलगायतका समुदायले गरेका आन्दोलनहरूका क्रममा भएका हत्या, हिंसा, आगजनी, लुटपाट र कुटपिटका घटनाहरूको सन्दर्भमा पीडित, नागरिक समाज र बुद्धिजीवीसँगको अन्तक्रियाबाट मधेश आन्दोलनको सत्यतथ्य केलाइएको छ। प्रतिवेदनमा मधेशका मुद्दाहरू समाधानका उपायहरू पनि सुझाइएको छ।

यस्तै प्रतिवेदनमा तराई मधेशमा आन्दोलन हुनुका कारण यी यी छन् भन्ने उल्लेख गरिएको छ। २०७२ साउनदेखि झन्डै ६ महिना चलेको तराई-मधेश र थरुहट आन्दोलनमा सत्ता पक्षबाट गैरन्यायिक हत्या भएको निष्कर्षसहितको प्रतिवेदन छ। आन्दोलनका क्रममा जिम्मेवारी पूरा नगर्ने, प्रदर्शनकारीमाथि गोली हान्न आदेश दिने तथा आदेश पालना गर्ने तत्कालीन प्रहरी र स्थानीय प्रशासनका कर्मचारीमाथि अनुसन्धान र कारबाही गर्न सिफारिस गरिएको छ। प्रतिवेदनमा आन्दोलन हिंसात्मक बन्नुको मुख्य दोषी सरकारलाई देखाइएको छ। लाल आयोगको प्रतिवदने सरकारको न्यूनतम साझा कार्यक्रममार्फत् सार्वजनिक गर्ने भनिए पनि यसको कार्यान्वयनमा आशंका कायमै रहेको छ। प्रतिवेदनले आधिकाशं दोष सरकारलाई देखाएका कारण सरकारले प्रतिवेदनअनुसार कमद नचाल्ने हुन कि भन्ने संशय देखिएको छ।

वास्तवमा सरकारले नै आयोगको प्रतिवेदन सार्वजनिक गर्न चाहेको छैन। किनभने प्रतिवेदनमा आन्दोलन हिंसात्मक बन्नुको मुख्य दोष सरकारलाई देखाइएको छ र सरकार यो भारी बोक्न चाहेको छैन। सरकारको नजरमा आयोगको प्रतिवेदन पूर्वाग्रही र राज्य संयन्त्रलाई कमजोर बनाउने किसिमको भएकाले तत्काल सार्वजनिक गर्न नचाहेको हो।

**वीरगञ्जमा निर्माणाधीन होल्डिङ सेन्टरको निरीक्षण**

वीरगञ्ज। कोभिड-१९ संकट व्यवस्थापन केन्द्र सीसीएमसीका प्रमुख पूर्व रथी बालानन्द शर्मा नेतृत्वको टोलीले सीमा क्षेत्रको अवलोकन गरेको छ। केन्द्र गठनपछि पहिलोपटक वीरगञ्जमा सीसीएमसीको टोली पुगेको हो। टोलीले वीरगञ्जमा कोभिड-१९ को अवस्थाको बारेमा बुझ्नुको साथै वीरगञ्ज नाकामा निर्माणाधीन होल्डिङ सेन्टरको स्थलगत निरीक्षण समेत गरेको हो।

देशको प्रमुख नाका वीरगञ्ज हुँदै आउने नागरिकलाई राख्न भन्सार क्षेत्रमा १ हजार जना अट्न सक्ने क्षमताको होल्डिङ सेन्टर निर्माण भईरहेको छ। २७ करोड ९० लाखको लागतमा बन्ने होल्डिङ सेन्टर बनाउने जिम्मा हनुमान कन्स्ट्रक्सन ललितपुरले पाएको छ। नेपाली सेनाको चण्डीप्रसाद गणको व्यस्थापकीय जिम्मेवारीमा होल्डिङ सेन्टर बनिरहेको छ। सञ्चालनमा आएपछि होल्डिङ सेन्टरमा वीरगज-रक्सौल नाका हुँदै नेपाल प्रवेश गर्ने नागरिकलाई क्वारेन्टीन राखेर खाने, बस्ने र चिकित्सा सेवा नि:शुल्क रुपमा प्रदान गर्ने सरकारी तयारी छ।

अनुगमन टोलीका सदस्य डाक्टर भगवान कोइरालाले ठूलो संख्यामा मानिस राख्नेगरि होल्डिङ सेन्टरको उचित व्यवस्थापन हुन नसके त्यहिबाट संक्रमण फैलने बताए। त्यसअघि टोलीले जिल्ला प्रशासन कार्यालय पर्सामा जिल्ला कोभिड १९ व्यवस्थापन समिति सीसीएमसीका सदस्य तथा अन्य सरोकारवालासँग छलफल गरेको थियो।



## आर्थिक समाचार

### प्रभु बैंकको मेशिनबाटै खातामा रकम जम्मा गर्न सकिने सेवा सञ्चालन

काठमाडौं। प्रभु बैंक लिमिटेडले सूचना प्रविधिको उच्चतम् उपयोग गर्दै आफ्ना ग्राहकहरुलाई अत्याधुनिक प्रविधि एवं प्रणालीबाट नविनतम् बैंकिङ्ग सेवा उपलब्ध गराउँदै आएको व्यहोरा सम्पूर्ण ग्राहकहरुमा विदितै रहेको छ। प्रभु बैंकले ग्राहक महानुभावहरुको सुविधालाई मध्येनजर गर्दै नगद जम्मा गर्नको लागि बैंकको नगद काउण्टरमै श-शरिर भौतिक रुपमा उपस्थित हुनु पर्ने बाध्यतालाई अन्त्य गर्दै अब मेशिन क्याश रिसाइकल मेसिनबाट आफुले चाहेको बैंक खातामा रकम जम्मा गर्न सकिने सुविधा शुक्रबारदेखि औपचारिक रुपमा सञ्चालनमा ल्याएको छ।

मेशिनबाट बैंक खातामा रकम जम्मा गर्न सकिने सेवा हालको लागि बैंकको बबरमहलस्थित प्रधान कार्यालयबाट प्रवाह भएको छ। यो सेवालाई क्रमश: देशका अन्य स्थानमा विस्तार गर्दै लैजानै बैंकको योजना रहेको छ। मेशिनबाट बैंक खाताा रकम जम्मा गर्दा ग्राहकले नगद जम्मा गर्ने मेशिनमा गई आफुले रकम जम्मा गर्न चाहेको बैंक खाता नं. टाइप गर्ना साथै उक्त मेशिनमा रकम जम्मा/राख्ने बक्स खुल्छ। उक्त बक्समा जम्मा गर्न चाहेको रकम राखे पछि तत्कालै रियल टाइम उल्लेखित खातामा रकम जम्मा हुन्छ र सो को रिसिप्ट/भौचर प्रिन्ट हुन्छ। साथै, उक्त मेशिनबाट डेबिट/क्रेडिट कार्डको माध्यमबाट समेत आफुले चाहेको खातामा रकम जम्मा गर्न सकिने सुविधा समेत रहेको छ। प्रभु बैंक लि. बाट सञ्चालनमा ल्याईएको मेशिनबाट रकम जम्मा गर्ने सुविधा हालको लागि प्रभु बैंकमा खाता हुने ग्राहकहरुको लागि मात्र उपलब्ध हुनेछ। नेप्ससँग आवश्यक सहकार्य गरी प्रभु बैंक बाहेक अन्य बैंकमा रहेको खातामा समेत जम्मा गर्न मिल्ने व्यबस्था मिलाईनेछ। प्रभु बैंकले औपचारिक रुपमा आज देखि सञ्चालनमा ल्याएको मेशिनबाट बैंक खातामा रकम जम्मा गर्न मिल्ने सुविधा उपभोग गरी रकम जम्मा गर्नको लागि बैंकको नगद काउण्टरमै जानु पर्ने बाध्यता हट्नेछ। यसबाट ग्राहक महानुभावहरुको समयको बचत हुनेछ, बैंकको नगद काउण्टरमा उपस्थित भई अनावश्यक भिडभाडबाट उन्मुक्ति मिल्ने हुँदा प्रभु बैंकका सम्पूर्ण ग्राहक महानुभावहरुले यो नबिनतम् सेवा उपभोग गर्नुभई लाभ लिनुहुनेछ भन्ने बैंकले विश्वास लिएको छ।

### आइएमई पेबाट भुक्तानी गर्दा क्यास ब्याक




काठमाडौं। आइएमई ग्रुपद्वारा संचालित आइएमई डिजिटल सोलुसन लिमिटेडद्वारा प्रवर्द्धित 'आइएमई पे' र भोजबीच सम्झौता भएको छ। सम्झौता अनुसार नेपालको वान स्टप फुडि एप भोजबाट खरिद गर्दा सेवाग्राहीहरुले अबदेखि आइएमई पे एप मार्फत सजिलैसँग भुक्तानी गर्न सक्ने छन्। भोज र आइएमई डिजिटल सोलुसन लिमिटेडवीच भएको सम्झौता पश्चात अब भोज्बाट आइएमई पे माफर्त खरिद गर्दा रु ५०० नबढ्ने गरी २०% क्यासब्याक गरी सेवाग्राहीले प्राप्त गर्न सक्नेछन्। अफर १३ अगस्त २०२१ देखि १९ अगस्त २०२१ सम्म लागु हुनेछ। उक्त अवसरमा बोल्दै आइएमई डिजिटल सोलुसन लिमिटेडका बजार ब्यवस्थापक आमोद भट्टराईले भोज्मा 'आइएमई पे' को भुक्तानी सेवासंगै २०% क्यास ब्याकको योजना पनि शुरु भएको हुँदा आइएमई पेबाट भुक्तानी गरी सेवाग्राहीहरुले अधिकतम फाइदा लिनेमा आफू विस्वस्त रहेको बताए। सेवा शुरुआत गरिएको उपलक्ष्यमा बोल्दै भोज्का सह-सस्थापक निकेत अग्रवालले भोज दिल्स्बाट खरिद गर्दा 'आइएमई पे' मार्फत भुक्तानी गर्न सकिने हुँदा सेवाग्राहीहरूलाई अझ सजिलो हुने र क्यास ब्याकको फाइदा पनि उठाउन सक्ने विश्वास ब्यक्त गरेका छन्।

## भारतीय कलाकार नेपालमा

काठमाडौं। साउथ सुपरस्टार प्रभासको फिल्म 'साहो'मा भिलेनको भूमिका निर्वाह गरेमन अभिनेता कनिज कोइराला नेपाल आएका छन्। छायाँकनरत फिल्म 'आँधी तुफान-२' अभिनयका लागि उनी केही दिन अगाडि नेपाल आएका हुन्। फिल्ममा उनी भिलेनको रुपमा देखिन लागेका हुन्। 'आँधी तुफान-२'को छायांकनका लागि कनिज भारतको मद्रासबाट केही दिन अगाडि मात्र नेपाल आएको निर्देशक मदन घिमिरेले बताए। कनिजले अहिले फिल्मको धमाधम छायाँकन गरिरहेका छन्। छायाँकन पूर्व उनको स्वास्थ्य परीक्षण समेत गरिएको निर्देशक घिमिरेले जानकारी दिए। फिल्म अहिले उपत्यकाको बिभिन्न स्थानमा छायाँकन भइरहेको छ।




**मिथिला दर्शन**

टीभी कार्यक्रम हेर्न नभुल्नु होला।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ।

**विशेष जानकारीका लागि सम्पर्क**

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि

Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : म[illegible]ाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, W[illegible]v.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं